# बाइबलीय प्रवचन
# BIBLICAL SERMON

BY REV. DR. MANGAL MAN MAHARJAN

वर्ष १२, अंक १ | Yr. 12, Vol. 1

१

## २ तिमोथीको पुस्तक
२:१४ देखि ४:२२ सम्म

१. असल सेवकका चिन्हहरू
२. आखिरी दिनमा अधर्मीहरू आउनेछन् ।
३. विश्वासयोग्य भएर सत्य शिक्षा लगातार प्रचार गरिरहनुपर्छ ।
४. वचन प्रचार र शिक्षामा लागिरहनुपर्छ ।
५. पावलको दु:ख, कष्ट र निराश अवस्थामा परमेश्वरले सहायता गर्नुभयो ।




# सफल जीवनको रहस्य



# यो बाइबलीय प्रवचनको आवश्यकता किन?

बाइबल आफैमा एउटा स्पष्ट र सिद्ध धर्मशास्त्र हो, जसका बारेमाबा धेरै व्याख्या विश्लेषण गरिरहनु आवश्यक पर्दैन । तर यो जतिको सरल र स्पष्ट छ, त्यतिकै विशाल अनि बुझ्नलाई कठिन पनि छ । यस बाइबलको बारेमा बुझ्न र बुझाउन धेरै मानिसहरूले आफ्नो जीवनको अधिकांश समय बिताएका छन् । नेपालमा पनि अहिले परमेश्वरको अनुग्रहले प्रशस्तै बाइबल स्कुल र कलेजहरू स्थापना भएका छन् र त्यहाँ पनि बाइबलकै बारेमा सिकाउने काम गरिन्छ । यो बाइबल बुझ्न सक्ने र यसका बारेमा बुझेर शिक्षा दिने मानिसहरूको भने नेपालका ख्रीष्टियन मण्डलीहरूमा धेरै नै कमि देखिन्छ । एकातिर दिन प्रतिदिन मण्डलीहरू बृद्धि हुँदैछन् भने अर्कोतिर बाइबलको शिक्षालाई बिगारेर आफ्नो मनपरी शिक्षा सिद्धान्त सिकाउने व्यक्तिहरूको प्रतिवाद गरी आफ्ना विश्वासीहरूलाई सही मार्गमा डोऱ्याउने पास्टर अगुवाहरूको पनि कमि नै छ भन्दा अतियुक्ति नहोला । वचनको सेवकाइ गर्ने इच्छा, बोझ दर्शन भएका विश्वासीहरू थुप्रै छन् । तर त्यसलाई ठीक प्रकारले सिकाउन सक्ने व्यक्तिहरू भने हाम्रा मण्डलीहरूमा एकदमै कम मात्रामा पाइन्छन् । कति विश्वासीहरूलाई बाइबलीय प्रवचन कसरी तयार गर्ने भन्ने तौर तरीका पनि थाहा छैन । मण्डलीमा भएका वचनका सेवकाइ गर्न इच्छा राख्ने अगुवाहरूलाई केही हदसम्म भए पनि सिकाउन सक्षम बनाई विश्वासीहरूको आत्मिक खाँचोलाई पूरा गर्ने यो बाइबलीय प्रवचनको मुख्य उद्देश्य हो । कतिपटक हामीले सुनेका वचनहरू कालान्तरमा विर्सन सक्छौं । तर हामीसँग लिखित प्रवचन छ भने विभिन्न समयमा त्यसलाई हेर्न सकिन्छ र अरुलाई पनि यसबाट सिकाउन सक्छौं । यसकारण पनि यस प्रकारको लिखित बाइबलीय प्रवचनको खाँचो भएको महसुस गरिएको हो र विभिन्न मण्डलीहरूका सम्पूर्ण सेवक-सेविकाहरू यसबाट लाभान्वित हुनुहुनेछ । यसले यहाँहरूको आत्मिक उन्नति र वचनको सेवकाइमा धेरै नै सहायता पुऱ्याउने छ भन्ने विश्वासकासाथ यहाँहरू समक्ष प्रस्तुत प्रवचन लिएर उपस्थित भएको छु ।

यो प्रवचन मण्डलीका सम्पूर्ण विश्वासीहरूका लागि पनि हो र विशेष गरी वचनको सेवकाइ गर्ने पास्टर-अगुवाहरूका लागि हो । यो हाम्रा मण्डलीहरूको आत्मिक खाँचोलाई पूर्ति गर्न सहयोगी बनोस् भनेर तयार गरीएको हो । यसकारण सबै मण्डलीका पास्टर अगुवाहरूले यस प्रवचनलाई कुनै संकोच नमानी चलाउन सक्नुहुनेछ । यस अघिका सबै प्रवचनहरू पाइरहनु भएकै होला भन्ने विश्वास लिएको छु । केही सल्लाह सुझाव भएमा पठाउन नभुल्नुहोला । अब यो प्रवचन बाह्रौं बर्षको अंक १ मा आइपुगेको छ र यसको निरन्तर प्रकाशनको लागि यहाँहरूले प्रार्थना गरीदिनुहोला, धन्यवाद ।

*पास्टर मंगलमान महर्जन*


**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**

**KOINONIA PATAN CHURCH**

पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल ।

P.O. Box No. 2415, Kathmandu, Nepal

Tel.: +977-01-5433842, 01-5433564; E-mail: patanchurch@gmail.com

# १. असल सेवकका चिन्हहरू
# Sign of good servants.

(२ तिमोथी २:१४–२६; 2 Timothy 2:14-26)

यो खण्डमा प्रभुको सेवकको गुण, चरित्र, स्वभाव कस्तो हुनुपर्छ भन्ने बारेमा पावलले तिमोथीलाई शिक्षा सल्लाह दिँदैछन् । मण्डलीमा विभिन्न किसिमका मानिसहरू आउँछन् । कोही झुटो शिक्षकहरू पनि हुन्छन् । उनीहरू झगडा गर्न खोज्छन्, तर साँचो प्रभुको सेवकहरू त झगडा गर्न मिल्दैन । त्यसकारण सेवक सत्य वचनको अध्ययन राम्रोसँग गर्नुपर्छ र वचनलाई ठिकसँग प्रयोग गरेर शर्माउन नपर्ने खेताला जस्तो हुनुपर्छ ।

**१. प्रभुको सेवकले कडा आज्ञा दिनुपर्छ ।** (२ **तिमोथी** २:१४–१९)
**Lord's servant need to charge them strictly. (2:14-19)**

**पद १४** : जति पनि पावलले शिक्षा सल्लाह दिइरहेका छन् ती तिमोथीलाई मात्र नभएर अरूलाई पनि तिमोथीले सिकाउनलाई हो । तिमोथीले जे जति कुरा पावलबाट सुनेका, सिकेका थिए, ती कुराहरू सबै अरू विश्वासीहरू-सेवकहरूलाई सम्झाई राख्नुपर्छ । एफिससका विश्वासीहरूलाई धेरैजसो शिक्षा थाहा त थियो तर पनि बारम्बार सिद्धान्तका कुराहरू सुनाईरहेका छन् र सिकाइ रहेका छन् । त्यस्तै हाम्रा विश्वासीहरूको जीवन सधैँ ठिक र असल नहुने भएकोले बेला-बेलामा सल्लाह दिइराख्नुपर्छ ।

पावल यहाँ तिमोथीलाई आज्ञा गर्दैछन् कि तिमोथीले अरूलाई (सेवकहरूलाई) कडा आज्ञा दिएर सम्झाउनुपर्छ कि उनीहरू बेफाइदाका कुराहरूमा झगडा गर्नुहुँदैन । पावलले यसबारे बारम्बार तिमोथीलाई सम्झाउँदै छन् । (१ तिमोथी १:३-४,४:७; ६-४; २ तिमोथी २:२३) । यस्तो वादविवाद र झगडाले सुन्नेहरूलाई फाइदा गर्दैन । यसले अरूहरूलाई बिगार गर्छ ।

*क) वचन ठिकसँग सिकाउनुपर्छ। (पद१५)*

*Need to teach the word of God correctly. (v. 15)*

**पद १५**: तिमोथीले सत्यको वचनलाई ठिकसँग प्रयोग गर्न सिक्नुपर्छ, दिलोज्यानले प्रभुको वचनमा पूर्ण ध्यानले अध्ययन गर्नुपर्छ र परमेश्वरबाट स्वीकृति प्राप्त गर्न पूरा मेहनत गर्नुपर्छ भनेर सिकाउनुभएको छ। त्यसो हो भने शर्माउनु पर्दैन । यो शर्माउने कुरा परमेश्वर अघि हो । परमेश्वरको सत्य वचनलाई ठिकसँग प्रयोग गर्छौं भने हामी परमेश्वरको अगाडि शर्माउनु पर्दैन । पास्टर एक परमेश्वरको वचनको कामदारी हो। परमेश्वरको वचन बहमुल्य धन सम्पत्ति हो। भण्डारेले त्यो सम्पत्तिलाई सुरक्षा राख्ने र ठिक ठाउँमा लगानी गर्नुपर्छ। परमेश्वरको वचन सिपाहीका लागि तरवार र किसानको निम्ति बिउ हो। परमेश्वरको वचन सेवकको निम्ति अरूलाई निर्माण गर्ने, नाप्ने र परमेश्वरका जनहरूलाई मर्मत गर्ने पनि हो। पास्टर, प्रचारक र शिक्षकहरूले परमेश्वरको वचन ठिकसँग चलाउँछन् भने तिनीहरूले तिनीहरूको मण्डली परमेश्वरले चाहे जस्तो निर्माण गर्न सकिन्छ। तर झुटो शिक्षकहरूले परमेश्वरको इच्छाअनुसार मण्डली नबनाएर आफूले चाहे जस्तो गर्न परमेश्वरको वचनलाई छलपूर्वक प्रयोग गर्दछन् (२ कोरिन्थी ४:२) । न्यायको दिनमा परमेश्वरले हाम्रो सेवकाइ जाँच गर्दा कस्तो होला ? के सुन चाँदी र बहुमुल्य पत्थरले बनाएको घर झैं आगोले जाँच गर्दा स्थिर रहला ? कि खर र परालको जस्तो खरानी होला ? (१ कोरिन्थी ३:१०-१५)

परमेश्वरले समर्थन गरेको सेवकले परमेश्वरको वचन बडो मेहनतसाथ अध्ययन गर्छ र आफ्नो जीवनमा व्यावहारिक रूपमा लागु पनि गर्छ। परमेश्वरको वचन ठिकसँग बुझेर वचन अनुसार हिंड्ने र अरूलाई पनि परमेश्वरको वचन ठिकसँग सिकाउँछ भने परमेश्वरको अगाडि र मानिसको अगाडि शर्माउनुपर्ने छैन । तर झुटो शिक्षकहरू रीतिथितीमा र व्यवस्था पालनमा समय फाल्छन् । बाइबलको शिक्षाको ठिक विपरित कुराहरू सिकाउँछन् । पछि परमेश्वरको सामु शर्ममा पर्नेछन् र अहिले पनि मानिसहरूको सामु शर्ममा पर्नेछन्। किनकि ख्रीष्टियान भन्छन् तर ख्रीष्टको विरोधमा र सुसमाचारको विरुद्धमा सिकाउँछन् । अनि ख्रीष्टको न्याय आसनमा शर्ममा पर्दैन त ? तिनीहरू शर्ममा पर्नुको साथै दण्ड पनि पाउनेछन्।

*ख) अशुद्ध बकबक त्याग्नुपर्छ (पद१६)*
*Need to avoid filthy words. (v. 16)*

**पद १६**: परमेश्वरको सेवकले अशुद्ध बकबक त्याग्नुपर्छ र त्याग्छ, किनभने यस्तो बकबकले अभक्तितिर झन्-झन् बढाउँदै लानेछन् । नयाँ विश्वासीहरूको सामु झुटो शिक्षकहरूसँग बहस गर्नुहुँदैन किनभने तिनीहरूले बहसको कुरा नबुझेर ख्रीष्टियानको विचमा पनि झगडा हुँदो रहेछ वा झगडा गर्छ भनेर विश्वासबाट पछि हट्न सक्छ । त्यसकारण झुटो शिक्षकहरूसँग बुद्धिमानीपूर्वक व्यवहार (deal) गर्नुपर्छ ।

*ग) झुटो शिक्षाको बारेमा जानकारी दिनुपर्छ । (पद१७-१९)*
*Need to teach about cults. (v. 17-19)*

**पद १७** : झुटो शिक्षकहरूको कुराले घाउ (gangrene) सडाउने छ । प्रभुका सेवकले यो कुरा जानेको हुन्छ वा जान्नुपर्छ कि झुटो शिक्षा मण्डली विश्वासीको निम्ति एकदम खतरा हो । र प्रभुका सेवकले झुटो शिक्षालाई विरोध गर्नुपर्छ र आफ्नो विश्वासीहरूलाई ठिक शिक्षा सिकाएर जोगाउनुपर्छ बचाउनुपर्छ । पावलले झुटो शिक्षालाई सडेको घाउ (Gangrene) रोगसँग तुलना गरेका छन् । यो सडेको घाउ (Gangrene) ले औंलाको मासु खाँदै जान्छ र शरीरमा मासुलाई मार्दै फैलिँदै जान्छ । त्यस्तै झुटो शिक्षाले मण्डली विश्वासी समूहलाई नै बिगारिदिन्छ । त्यसकारण घाउलाई चिरफार (Operation) गरेर औषधी राखेर हटाए जस्तै झुटो शिक्षकहरूलाई र झुटो शिक्षालाई राम्रोसँग चिरफार (Operation) गरेर वचनको औषधीबाट मण्डलीबाट हटाउनुपर्छ । सत्य वचन र सही शिक्षा सिद्धान्तले मात्र मण्डलीलाई स्वस्थ राख्न सकिन्छ र मण्डलीको आत्मिक जीवन बृद्धि गर्न सकिन्छ ।

पावलले यहाँ दुई जना मानिसहरूको नाम समेत उल्लेख गरेका छन् । जोहरू झुटो शिक्षकहरू थिए । उनीहरूले गरेको भूल पनि पावलले जनाएका छन् । तिनीहरूको नामहरू हाइमेनियस र फिलेतस हुन् ।

**पद १८** : यी मानिसहरूले पुनरुत्थान भइसकेको छ भनेर सत्यको विषयमा भ्रममा पारेका छन् र कुनै कुनैमा विश्वासलाई उल्टाई दिएका छन् । यस्ता व्यक्तिहरूलाई पावलले उनको पहिलो पत्रमै शैतानको हातमा सुम्पिदिएका छन् । (१ तिमोथी १:२०) । यिनीहरू दुई जना सत्यबाट तर्केर गए । “सत्य” कुरा के थिए त ? त्यो

हो येशू ख्रीष्टको पुनरुत्थान र विश्वासीहरूको शारीरिक पुनरुत्थान हुने कुरो । तर हाइमेनियस र फिलेतसले विश्वासीहरूको पुनरुत्थान भैसक्यो भनेर शिक्षा दिन थाले । येशू ख्रीष्टलाई विश्वास गर्नु नै र नयाँ जन्म पाउनु नै आत्मिक पुनरुत्थान हो भनेर अवश्य पनि सिकाएका थिए । किनकि ग्रिक दार्शनिकहरूले आत्मा (प्राण) एक अमरणशील हो र शरीर आत्माको (प्राणको) क्षणिक जेल जस्तो वा पिँजडा जस्तो हो भनेर विश्वास गर्थ्यो । त्यसकारण शारीरिक रूप मात्र ख्रीष्टको र ख्रीष्टियानहरूको पुनरुत्थान हुन्छ भन्ने कुरा बुझ्न ऊ जस्तोका लागि गाह्रो थियो । त्यसकारण शारीरिक पुनरुत्थानको विरोधका लागि बाइबलको विरुद्ध झुटो शिक्षामा लागे । उनीहरूमा पुनरुत्थान अनि विश्वास छैन । यो पुनरुत्थानको शिक्षा-सिद्धान्त विना ख्रीष्टियान मत (Christianity) नाश हुन्छ । पुनरुत्थान ख्रीष्टियान मतको जग हो । यो बिना सुसमाचार नै हुँदैन । त्यसकारण अहिले नै पनि हामी विश्वासीहरू यस्ता झुटो शिक्षकहरू र झुटो शिक्षाबाट सतर्क, होसियार हुनुपर्छ र होसियारी गर्नुपर्छ शैतान धुर्त छ र यही मुख्य सिद्धान्तलाई नाश गर्न अर्कै झुटो शिक्षा सिकाउन लगाउँछ ।

**पद** १९: झुटो शिक्षकहरूको शिक्षाले र उनीहरूलाई पछ्याउने मानिसहरूले तिमोथीको निश्चयतालाई ढलपल गर्न दिनुहुँदैन । परमेश्वरको दृढ जग खडा नै रहन्छ । किनभने त्यसमा यो छाप लागेको छ, “प्रभुले आफ्नो जतिलाई चिन्नुहुन्छ” र “प्रभुको नाउँ लिने जति सबै अधार्मिकताबाट दूर रहोस् । ” पावलले यहाँ ठूलो घरको जगको उदाहरण दिइरहेका छन् । यो घर मण्डली (Church) हो । यो मण्डलीको जग सुरक्षित छ र बलियो छ किनकि परमेश्वरको छाप यसमा लगाएको छ । बाइबलमा छाप लगाउने भन्नेले स्वामित्व जनाउँछ (ownership) । रोमी सरकारको छाप कसैले तोड्ने आँट गर्दैन किनकि कानुन कडा थियो । रोमी सरकारभन्दा बलियो र कडा परमेश्वर हुनुहुन्छ । त्यसकारण परमेश्वरको घर मण्डलीलाई कसैले हुने आँट गर्दैन र गर्नु हुँदैन । छाप तोड्यो भने त्यो मानिस नष्ट हुन्छ । पावलले यहाँ मोशाको कुरा उदृत गरेको छ, “प्रभुले आफ्नो जातिलाई चिन्नुहुन्छ ।”(गन्ती १६:५) । यसले ख्रीष्टियानको परमेश्वर प्रतिको आदर भक्ति जनाउँछ र परमेश्वरले हामीलाई चुन्नुहुन्छ । ख्रीष्टियान अधर्मको कामबाट टाढा रहनुपर्छ । गन्ती १६:२६ मा परमेश्वरले कोरह र विरोधीहरूबाट अलग रहन चेतावनी दिएको पाइन्छ । नत्र भने उनीहरूसँग नाश हुनुपर्नेछ । झुटो

शिक्षकहरूलाई र झुटो शिक्षालाई पछ्याउनेहरूलाई पनि परमेश्वरले नाश गर्नुहुन्छ।

२. **सफा र चोख्याएको भाँडो हुनुपर्छ।** (२ **तिमोथी** २:२०–२१)
**We need to be clean and pure vessels. (2:20-21)**

ठूलो घरमा ठूलो बलियो जग हुनुको साथै विभिन्न किसिमका भाँडाहरू पनि हुन्छन् । पावलले यहाँ सत्य शिक्षकलाई चोख्याइ राखेको सफा भाँडोसँग तुलना गरेको छ भने झुटो शिक्षकहरूलाई अनादरको फोहरको भाँडासँग तुलना गरेको छ । पावलले यहाँ ख्रीष्टियानहरूको किसिम वा खालको वा तहको कुरा गरिराखेका होइनन् । तर बरु सत्य वचनको शिक्षक (साँचो नयाँ जन्म पाएको विश्वासी ख्रीष्टियान) र सत्य वचनलाई उल्टाउने, बङ्ग्याउने झुटो शिक्षकहरू बीचको तुलना गरेका हुन् । विश्वासयोग्य पास्टर, प्रचारक, शिक्षकहरू सुन अथवा चाँदीको भाँडाहरू जस्तै हुन् जोहरूले ख्रीष्ट येशूलाई महिमा, आदर दिँदैछन् । ठूलो घरमा बहुमुल्य भाडाँहरू सबैले देख्ने गरी राम्रोसँग सजाएर पनि राखिन्छ । ती भाँडाहरूको कारण घर मालिकको इज्जत, आदर बढ्छ । सबैले बधाई दिँदछ र बढाँइ पनि गर्दछ ।

झुटो शिक्षकहरू परमेश्वरको सामु महत्वपूर्ण छैन, तिनीहरू त काठ र माटा जस्ता छन् । उनीहरू यस संसारमा जतिसुकै प्रख्यात भए पनि परमेश्वरको सामु अनादरका भाँडाहरू हुन् । काठ र माटाको भाँडो आगोको जाँचमा स्थिर रहन सक्ने छैन, सबै जलेर नष्ट हुने छ ।

तिमोथीको नामको अर्थ यहाँ बुझ्नु राम्रो हुन्छ । तिमोथी नाम ग्रिक भाषाबाट आएको हो । “तिमोथी” को अर्थ “परमेश्वरलाई आदर गर्ने” हो । पावलले तिमोथीलाई आफ्नो नाउँअनुसार जीवन जिउन उत्साह दिँदैछन् । जस्तो नाम त्यस्तै काम र जीवन होस् भनेर पावलले तिमोथीलाई आज्ञा गर्दैछन् ।

आदरका भाँडाहरू अनादरका भाडाहरूसँग बस्नुहुँदैन किनकि उनीहरूको फोहर र रोग सर्न सक्छ । झुटो शिक्षकहरू एक सरुवा रोग जस्तो हो । उनीहरूसँग बस्यो भने नजिकको व्यक्तिलाई रोग सर्छ र फोहरको दाग पनि लाग्छ । पद २१ मा “यी” भन्ने शब्दबाट अनादरका भाँडोहरू वा झुटो शिक्षकहरूलाई भनेको हो । पावलले तिमोथीलाई ती झुटो शिक्षकहरूबाट अलग बस्न सल्लाह र आज्ञा दिँदैछन् । यदि तिमोथी ती झुटो शिक्षकहरूबाट अलग बस्छन् भने परमेश्वरले उनलाई आदर गर्नुहुन्छ । र परमेश्वरले आफ्नो सेवकाइको निम्ति प्रभावकारी

रूपमा चलाउनुहुन्छ । त्यो व्यक्ति जो झुटो शिक्षाबाट अलग बस्छ त्यो परमेश्वर को सेवकाइको निम्ति ग्रहणयोग्य र आदरको चोख्याई राखेको भाँडो जस्तो हुन्छ । परमेश्वरको निम्ति योग्यको सुनको अथवा चाँदीको भाँडो भएर तिमोथी अनि हामी पवित्र जीवन जिउनुपर्छ । अनि संसारको रीतिथिती, नियमसँग सम्झौतामा हिँड्नुहुँदैन । आफूलाई अपवित्र पार्ने कुराहरूबाट अलगै बस्न सिक्नुपर्छ । शारीरिक पाप, परीक्षाबाट आफूलाई अलग राख्नुपर्छ ।

परमेश्वरले चलाउन सक्ने योग्यको भाँडो हुन हामी खालि हुनुपर्छ, सफा हुनुपर्छ र प्राप्य हुनुपर्छ । धेरैपल्ट प्रभुका जनहरूले यसरी प्रार्थना गर्छन्, "प्रभु मलाई तपाईंको काममा चलाउनुहोस् ।" तर के तपाईं, म प्रभुको कामको निम्ति चलाउन योग्यका छौं ? त्यसकारण मलाई लाग्छ हामीले "मलाई चलाउनुहोस्" भनेर प्रार्थना गर्नुभन्दा अघि यसरी प्रार्थना गर्नुपर्छ होला, "प्रभु मलाई तपाईंले शुद्ध बनाउनुहोस् र योग्यको भाँडो बनाउनुहोस् र जहिले तपाईं मलाई चलाउन चाहनुहुन्छ, तपाईं मलाई चलाउन सक्नुहुन्छ ।" हामी सधैँ तयारी र योग्य हुनुपऱ्यो । अनि उहाँले कुनै पनि समयमा तुरुन्तै चलाउनुहुन्छ । योग्य, शुद्ध र पवित्र छैन भने त परमेश्वरले चलाउन सक्नुहुन्न । परमेश्वरले नै हामीलाई लिनुहुन्छ, भर्नुहुन्छ र उहाँको महिमाको निम्ति चलाउनुहुन्छ । तर हामीहरू पापले भरिएका छौं भने र हाम्रो जीवन अपवित्र छ भने र अनाज्ञाकारी हामी छौं भने उहाँले चलाउनु भन्दा पहिला हामीलाई सफा गर्नुपर्ने हुन्छ । हामी शुद्ध र पवित्र भएर बसौं ।

### ३. सेवकको विश्वासयोग्य चरित्र र व्यवहार हुनुपर्छ । (२:२२–२६)

**Servant should have trustworthy character and behavior.(2:22-26)**

तिमोथी जवानै थिए (१ तिमोथी ४:१२) र उनी जवान भए पनि उनको उमेरको दाँजोमा धेरै परिपक्व थिए होलान् । तर पनि जवानीको व्यवहार, अभिलाषा, अधिरजिपन, छिटो रिसाउने, बहस गर्न मनपर्ने, घमण्डीपन, पनपक्ष व्यवहार भने अवश्य थियो होला । त्यसकारण पावल यहाँ तिमोथीलाई सल्लाह दिँदैछन् । तिमोथी जवानीका दुष्ट इच्छा, अभिलाषाबाट भाग्नुपर्छ वा अलग रहनुपर्छ र धार्मिकता, विश्वास, प्रेम अनि शान्तिको पछि लाग्नुपर्छ । अङ्ग्रेजीमा तीनवटा शब्द F बाट आउने सुहाउँदो शिर्षकहरू छन्; Flee… Follow… Fight । यस्तै खालको सल्लाह तिमोथीलाई १ तिमोथी ६:११-१२ मा पनि पाउँछ । हामीहरू पनि पाप र परीक्षाबाट भाग्नुपर्छ, तर धार्मिकताको पछि लाग्नुपर्छ । हामीले उत्तम लडन्त लड्नुपर्छ र आफ्नो विश्वासलाई थामी राख्नुपर्छ । तिमोथी बरु शुद्ध

हृदयले प्रभुका नाउँ लिनेहरूको साथसाथै प्रभुको वचनको शिक्षा सिद्धान्तको पछि लाग्नुपर्छ। झुटो शिक्षा र झुटो शिक्षकहरूलाई तिमोथीले विरोध गर्नुपर्छ र परमेश्वरको अगाडि इमानदारीसँग जिउने भाइहरूसँग शान्तिमा बस्नुपर्छ। झुटो शिक्षकहरू परमेश्वरको सामु अइमानदारी अर्थात् बेइमानी हुन्छन् (१ तिमोथी १:५; ४:२; ६:३-५)। पावलले २:२३ पदमा फेरि झुटो शिक्षकहरूसँगको बहस, सवाल जवाफ (arguments) इन्कार गर भनेर तिमोथीलाई सम्झाउँछन्। किनभने यिनीहरूबाट झगडा उत्पन्न हुन्छ। त्यसकारण यी कुरा जानेर मुर्ख र बेसमझका सवाल-जवाफहरूलाई इन्कार गर्नुपर्छ।

हामी तिमोथी प्रभुको सेवकले झगडा गर्नुहुँदैन, तर सबैप्रति भला, सिकाउन सक्ने, सहनशील हुनुपर्छ। झुटो शिक्षकहरूले धेरै बहस गर्छन् र रिस उठ्दो कुरा गर्छन्। त्यसकारण बहसलाई इन्कार गर्नुपर्छ। प्रभुको सेवक एकता र शान्तिको निम्ति काम गर्ने हुनुपर्छ। आपसमा विरोध गर्नेलाई नम्रसँग सच्याउने हुनुपर्छ अथवा सिकाउने हुनुपर्छ। सुन्छ, सिक्न मान्छ भने नराम्रो व्यवहार सहेर पनि ठिक शिक्षा सिकाइ दिनुपर्छ, सायद परमेश्वरले तिनीहरूलाई सत्यको ज्ञानको निम्ति पश्चात्ताप दिनुहुने छ। प्रभुको सेवकले विरोधीलाई पनि नम्रतामा, सुशील प्रकारले सिकाउनुपर्छ। बाइबलको सम्पूर्ण सत्यता सिकाउनुपर्छ। जहिले पनि हाम्रो उद्देश्य परमेश्वरको मण्डली बनाउने हुनुपर्छ। तर ख्रीष्टको मण्डली बिगार्ने हुनु भएन।

यसरी कोही भाइहरू झुटो शिक्षामा फस्यो भने उनीहरूलाई नम्रतामा, सहनशीलतामा सिकाउनुपर्छ र व्यवहार गर्नुपर्छ। ख्रीष्टियान प्रेम देखाउनुपर्छ। अनी उनीहरू आफ्नो समझमा, चेतनामा आउनेछन् र दृष्टको पासोबाट उम्कन सक्छन्। झुटो शिक्षामा फसेकाहरूलाई सम्झाएर, बुझाएर फर्काउन अति गाह्रो हुँदो रहेछ। यो मेरो अनुभव हो र तपाईंको पनि अनुभव हुन सक्छ। किनभने ती व्यक्तिहरू झुटो शिक्षाले रक्सीले जस्तै मातेका हुन्छन्। उनीहरूको मन, मस्तिष्क र नसा-नसामा त्यो झुटो शिक्षाको विष फैलाई सकेको हुन्छ। शैतानले अलि अलि गर्दै भन्दै पूरा मात्ने गरी झूठहरू पियाइसकेको हुन्छ। तर सेवकको काम भने ती झूठहरू सबै बिस्तारै फेरि एक एक गरि झिक्नु वा वाक्न लगाउनु (vomit गराउनु) हो। र उनीहरूलाई फेरि झुटो शिक्षाबाट बचाउनु हो। यसका लागि परमेश्वरको सत्य वचन बाइबलबाट राम्रोसँग सिकाउनुपर्छ र बुझाउनुपर्छ। बाइबलबाट एक एक गरी ऊ आफैलाई पढ्न लगाई बुझाउनुपर्छ।

यहाँ हामी पास्टरको कामको चाप, व्यस्तता देख्दछौं। पास्टरको निम्ति वा सेवकको निम्ति मण्डलीका एकएक सदस्यले प्रार्थना गर्नुपर्छ। परमेश्वरको काममा

उत्साह दिनुपर्छ । मण्डलीले पास्टर तथा सेवकलाई पुग्नेगरी पैसाको सहायता दिनुपर्छ ताकि पूर्ण रूपमा सेवाकाइमा समर्पण गर्न सकोस् । उनीहरूलाई कुनै पिर, चिन्ता नहोस् । पास्टर, सेवक र मण्डली सदस्यहरू मिलेर परमेश्वरको सेवकाइ गर्नुपर्छ ।

**निष्कर्ष (Conclusion)**

असल सेवकको चिन्हहरू हुन्छन् । वचन ठिकसँग सिकाउनुपर्छ; अशुद्ध बकबक त्याग्नुपर्छ; झुटो शिक्षालाई इन्कार गर्नुपर्छ । अर्को चोखो, सफा भाडा जस्तै निर्दोष, पवित्र जीवन हामीले जिउनुपर्छ । सेवक विश्वासयोग्य जीवन र राम्रो, असल चरित्र र व्यवहार हुनुपर्छ ।

# २. आखिरी दिनमा अधर्मीहरू आउनेछन् । In the last days there will be evil people.

(२ **तिमोथी** ३:१-९; **2 Timothy 3:1-9**)

**पद १** : पावलले तिमोथीलाई सुरुमै आज्ञा दिन्छन् कि “यो जान” । यो तेश्रो अध्यायभरि नै पावलले दुईवटा कुरामा विशेष जोड दिएको पाइन्छ, ती हुन् : “ज्ञान” र “जिम्मेवारी” । पावलले १ पदमा अन्तको दिनमा वा आखिरी दिनमा हुन आउने मानिसको स्वभाव वा चरित्रबारे तिमोथीलाई जानकारी दिँदछन् । र त्यस्तो अवस्थामा कसरी काम गर्ने भन्ने बारेमा शिक्षा-सल्लाह दिएका छन् । काम गर्ने कुरो ज्ञानमा भर पर्छ । आखिरी दिनमा डरलाग्दो समय आउने छ । अहिले डर लाग्दो समय आइरहेको छ ।

### १. **अधर्मी मानिसहरूबाट अलग बस्नुपर्छ ।** (१-५)
**We need to stay away from evil people. (v.1-5)**

**पद २-५** : ती अन्तको वा आखिरी दिनहरूमा कस्ता मानिसहरू आउँछन् र उनीहरूको जीवन चरित्र कस्तो हुन्छन् भन्ने बारे पावलले तिमोथीहरू जानकारी दिँदैछन् । पावलले यहाँ १९ वटा चरित्रहरू उल्लेख गरेका छन् :

१) **मानिसहरू स्वार्थी हुनेछन्** : मानिसहरू आफूले आफूलाई मात्र सोच्ने हुन्छन् । अरूको मतलब नराखी आफ्नै भलाइ मात्र, आफ्नै नाफा, फाइदा मात्र खोज्ने हुन्छन् । आफै खाऊँ र आफै लाऊँको भावना, विचार लिएर मानिसहरू जिउँछन् । अरू मरे पनि आफू बाँच्न पाए पुग्छ । उदाहरणः अहिलेको समाज ।

२) **धनको लोभी हुनेछन्** : जति धन भए पनि नपुग्ने मानिस र अझ धन पाउन चाहने मानिस-लोभी मानिस हो । धनको निम्ति मानिसहरू जे पनि गर्न तयार

हुन्छन् । धन नै सबै कुरा सम्झिन्छन् । धनको निम्ति ज्यानै पनि फाल्न तयार हुन्छन् ।

३) **अहंकारी हुनेछन्** : भित्र भएको कुरा बाहिर प्रकट गरी देखाउँछन् । आफ्नो मान, धन, पदमा घमण्ड गर्छन् । उनीहरू ऊ जत्ति जान्ने कोही छैनन्; ऊ जति धनी, ठूलो मान्छे कोही छैन भनी घमण्ड गर्दछन् । बाइबलले भन्दछ कि पतनको अघि घमण्ड आउँछ ।

४) **हठी हुनेछन्** : अङ्ग्रेजीमा arrogant भनिन्छ । हठी भनेको आफ्नै कुरामा जिद्दीवाल, आफूले भने जस्तै गर्नुपर्ने र पाउनुपर्ने, अरू कसैको कुरा नसुन्ने एकदमै ढीट मानिस हो । "आफ्नो गोरुको बाह्रै टक्का" भन्ने मानिसलई हठी मानिस भनिन्छ ।

५) **अरूको निन्दा गर्नेहरू हुनेछन्** : अरूहरूको विषयमा चाहिँदो नचाहिँदो कुरा गर्ने, कुरा काट्ने, अरूहरूको नराम्रो कुरा गर्ने मानिसहरूलाई निन्दकहरू भनेर भन्दछन् ।

६) **मानिसहरू आमा बाबुको आज्ञा पालन नगर्ने हुनेछन्** : आमाबुबाको आज्ञा पालन नगर्नु भन्नु नै आफ्नो मनपरि, लापरवाहीको जीवन जिउनु हो । आमाबाबुको आज्ञा, वचन ठिक नलाग्नु र बेफाइदाको देख्नु, आमा-बाबुभन्दा आफै जान्ने ठान्नु हो ।

७) **मानिसहरू बैगुनी हुनेछन्** : अङ्ग्रेजीमा ungrateful हुनेछन् । गुणलाई बिर्सिदिने, अधन्यवादी हुने, बुझ पचाएर थाहा नपाए जस्तो, नजाने जस्तो व्यवहार गर्ने, अरूले आफूलाई सहायता गरेको चटक्कै भुलिदिने मानिसहरूलाई बैगुणी भन्दछ । आमा-बाबु, साथीहरूले गरको सहायता, दया-माया नसम्झने, मतलब नराख्ने, गुण नसम्झने, धन्यवादीको हृदय नभएको मानिस हो ।

८) **अपवित्र हुनेछन्** : शुद्ध, चोखो, निर्दोष, पवित्र राम्रो नभएर ठिक विपरित चरित्र हुनु र व्यवहार गर्नु हो । संसारबाट अलग हुनु हो । त्यसकारण अपवित्र भनेको संसारसँग घुलमिल हुनु र उहाँमा समर्पित नहुनु हो ।

९) **स्वभाविक प्रेम नभएका हुनेछन्** : मानिसहरूको बीचमा, परिवारका सदस्यहरूमा एकले अर्कोलाई स्वतः गर्नुपर्ने प्रेम हो । तर त्यो प्रेम पनि नभएकाहरू बढ्नेछन् । कसैले कसैको वास्ता नगर्नु, मतलब नराख्नु, आपसी दया माया नहुनु हो ।

१०) **खुसी नहुनेहरू वा अरूलाई क्षमा नदिनेहरू हुनेछन्** : यिनीहरू अरूहरूको कुरामा सहमत नहुने र समर्पण नहुने खालका मानिसहरू हुन्छन् । मेलमिलापमा आउन नचाहने मानिसहरू हुन्छन् । उनीहरू आफ्नै बाटो अपनाउनेहरू हुन्छन् । तिनीहरू क्षमा लिने र दिने पनि गर्दैनन् ।

११) **अरूलाई दोष लाउनेहरू हुनेछन्** : आफू बच्नका लागि (In order to defend their position) उनीहरूले अरूलाई दोष लाउँदछन् । उनीहरूले अरूलाई झुटो आरोप लगाउँदछन् । उनीहरूले अरूलाई झुटो आरोप लगाउँदछन् र अरूहरूको असल नामलाई बदनाम गर्दछन् । दुःखलाग्दो कुरा यो छ कि मण्डलीमा ख्रीष्टियानहरूको बीचमा पनि यस्तो काम गर्नेहरू उल्लेखनिय सङ्ख्यामा देखिन्छन् । मण्डली फुटाएर जाने अगुवा भनौदाहरूले आफू ठिक छु भन्ने देखाउन अरू अगुवाहरूको विरुद्धमा आरोप लगाएर वा दोष लाएर कुरा गर्छन् । आफ्नो दोष, भूल, पापलाई स्वीकार गरी पश्चात्ताप गरी फर्कनुको बदलामा वा सट्टामा झन् अरूलाई नराम्रो ठानी र व्यवहारमा देखाई घमण्डसाथ हिँड्छन् । उनीहरूलाई लाज शर्म केही छैन, पैसा भए पुग्छ ।

१२) **असंयमीहरू हुनेछन्** : आफैले आफैलाई वशमा नराख्ने अनुशासनमा नराख्ने बरु झन् मनपरि गरी हिँड्ने हुन्छन् । आज संसारको मोटो आदर्श वाक्य (motto) छ कि "आफूलाई जे गर्न मन लाग्छ त्यही गर र रमाऊ ।" यस्तो विचार गर्ने जवानहरू ड्रग, स्माइक, इन्जेक्सन, भाङ्ग, धतुरो, मद्यपान चलाउँछन् वा खान्छन् - पिउँछन् र मज्जा लिएको सम्झन्छन् । तर दुःखको कुरा यो छ कि उनीहरूको रमाउन, आनन्द लिन त होइन झन् जीवन नै नाश भएको छ । उनीहरूको जीवनमा धेरै रोगहरू लाग्छ र अशक्त भएर बाँचिरहनु परेको छ, जीवनको अर्थ गुमाउनुपरेको छ । धर्तीको निम्ति र परिवारको निम्ति पनि बोझ मात्र भएर बाँचेका छन् । आफ्नो इज्जत र परिचय सबै धुलोमा मिसाएका छन् । कुन ठिक र कुन बेठिक छुट्याएर वा असल र खराब छुट्याएर जीवनमा लिने गरेन भने केही

समय सहेर खराब काम रोकेन भने, आफूलाई संयममा राखेन भने मानिस बिग्रिन्छ । असंयमीहरू आफूले भने जस्तो पाएन भने र भएन भने उनीहरू जे पनि खराब, दुष्ट काम गर्न पनि पछि पर्दैनन् । उनीहरू बहुला कुकुर जस्तै हुनेछन् । असललाई आदर गर्ने र खराब-दुष्टलाई इन्कार गर्नुको सट्टा ठिक विपरित असललाई विरोध गर्ने र खराबलाई प्रोत्साहन दिने गर्दछन् । आज समाजमा कराउँछन्, "तिनीहरूलाई धिक्कार होस्, जसले असललाई खराब र खराबलाई असल भन्दछन् ।" (यशैया ५ः२०) ।

१३) **निष्ठुर हुन्छन्** : दया-माया, वास्ता भन्ने कुरा पटक्कै नहुनु, अरूलाई आक्रमण गर्ने, मार्ने हुन्छन् । कडा मन, ढुङ्गाको हृदय जस्तो हुनु, मानिसको भावना नहुनु, हृदय नपग्लनु पनि हो । उदाहरणः डाँकाहरू, आतङ्कवादीहरूको व्यवहार, असभ्य व्यवहार गर्नु हो ।

१४) **असल नरुचाउनेहरू हुन्छन्** : साधारण रूपमा सोच्दा, "असल नरुचाउने मान्छे को होला र ?" जस्तो हामीलाई लाग्छ । सबैले असलै रुचाउँछ होला जस्तो हामीलाई लाग्छ, तर होइन रहेछ । परमेश्वरलाई नचिन्नेहरू, त्यसमा पनि शैतानको पछि लागेकाहरू र शैतानले चलाएकाहरू असललाई नरुचाएर खराबलाई रुचाउँछन् । भूत-आत्मालाई खेलाउनेहरू जस्तै बोक्सी, धामी, झाक्रिहरू, आतङ्कवादीहरू, असल भन्दा खराब र बनाउनुभन्दा बिगार्नु र बचाउनुभन्दा मार्न रुचाउँछन् । आजभोलिका काम नपाएका जवान भाइ बहिनीहरूलाई (gangstars) देख्न सकिन्छ, जोहरू अरूलाई कुट्न, लुट्न, मार्न रमाइलो ठान्छन् वा मान्छन् । तर असल, गर्न, सत्य काम गर्न रुचाउँदैनन् । उनीहरू असल र सत्यलाई घृणा गर्छन् र कमजोर ठान्छन् । असललाई नाश गर्न पायो भने खराब र दुष्टले राज्य गर्न पाउनेछन् भनेर असललाई नाश गर्छन् । अनि दुष्टले र खराबले जबरजस्ती राज्य गर्नेछ ।

१५) **विश्वासघातीहरू हुनेछन्** : हामी विश्वासमा काम गर्छौं तर उनीहरू त्यसको बदलामा झन् विश्वासघात गर्दछन् । मानिसहरूले गुणलाई बैगुणी बनी व्यवहार गर्छन् । अरूलाई छकाउने, धोका दिने मान्छेलाई पछि कसैले भरोसा वा विश्वास गर्न सक्दैन । आज संसारमा मानिसहरू विश्वासमा विश्वास गर्दैनन् झन् शङ्का गर्छन् । किनभने धेरैले विश्वासलाई विश्वासघात गरेको भेटिन्छ । मित्रतामा,

साझेदारको काममा शङ्का गर्छन् र भरोसा गर्न सक्दैनन् । उनीहरू झूठ बोल्छन् र आफ्नो मात्र फाइदा खोज्छन् । यी आखिरी दिनहरूमा विश्वासघातीहरू धेरै हुने छन् । उनीहरू प्रतिज्ञा, करार, सहमतिहरू (agreements) पनि तोड्छन् । तिनीहरू आफ्नो वचनमा बस्दैनन् ।

१६) **उताउला हुनेछन्** : विचारै नगरी जे मन लाग्यो त्यही बोल्ने, खाने, लाउने व्यक्तिहरू आफ्नो मनपरि गरी हिँड्नेहरू, समाजले के भन्छ र समाजमा सुहाउँछ कि सुहाउँदैन विचारै नगरी लापरवाहीसँग जीवन जिउनेहरूलाई उताउला भनेर भनिन्छ । यस्तो व्यक्तिले हामीलाई आखिरी दिन आइरहेको छ भन्ने कुरा बुझाउँछ ।

१७) **अहङ्कारले फुलेकाहरू हुनेछन्** : नम्रताको ठिक विपरित काम कुरा गर्नु अहङ्कार हो । म गर्न सक्छु, म जस्तो कोही छैन, मेरो पद्वी ठूलो छ, म धनी छु, मैले जानेको छु भनेर मानिसहरू घमण्ड गर्दछन् । अरूलाई तुच्छ प्रकारले व्यवहार गर्छन् ।

१८) **परमेश्वरलाई भन्दा सुख–विलासलाई प्रेम गर्नेहरू हुनेछन्** : संसारका मानिसहरू समाजमा आत्मिक कुराको र परमेश्वरको कुरा भन्दा मोज मज्जा, सुख-विलास रुचाउँछन् । सबै फाइदा र रमाइलो मात्र खोजेका हुन्छन् । आत्मिक कुरा र परमेश्वरको कुरा गर्दा उनीहरू भन्छन्, “ए ! यस्तो कुरालाई गोली मार्दो, अहिलेको जमानामा त मोज गर्ने र रमाइलो पो गर्नुपर्छ ।” उनीहरूलाई परमेश्वरको डर छैन । त्यसकारण आज समाजमा-संसारमा अशान्ति छ ।

१९) **भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्नेहरू हुनेछन्** : बाहिरबाट देख्दा एकदम धर्मी, भक्तजन, आत्मिकी तर खोक्रो जीवन जिउनेहरू हुन्छन् । परमेश्वरको शक्तिको अनुभव उनीहरूले गरेका हुँदैनन् । त्यसकारणले पनि होला उनीहरूले शक्तिलाई इन्कार गर्दछन् । उनीहरू बाहिरी देखावटी ढोंगी जीवन जिइरहेका हुन्छन् । ख्रीष्टियान विश्वासमा उनीहरू जिएका हुँदैनन् । सत्यता नभएको धर्म उनीहरू मानिरहेका हुन्छन् । झुटो शिक्षकहरूको चरित्र, स्वभाव यस्ता हुन्छन् । पावल यहाँ पाँच पदको अन्तिममा भन्दछन्, “यस्ता मानिसहरूबाट

अलग बस । झुटो शिक्षकहरूबाट सतर्क हुनुपर्छ । उनीहरूसँग सङ्गति गर्नुहुँदैन । उनीहरूलाई इन्कार गर्नुपर्छ ।"

**२. झुटो शिक्षकहरूले आत्मिक कमजोरहरूलाई कब्जामा पार्छन् । (पद ६-९)**
**Cults will capture the spiritually weak believers. (v.6-9)**

**पद ६-७** झुटो शिक्षकहरू कोही कोही गएर पापले थिचिएका र विभिन्न मनोभाव वा इच्छाको कब्जामा परेका कमजोर स्त्रीहरूलाई आफ्नो शिक्षाको अधिनमा पारेका छन् । स्त्रीहरूको मन, भावना कमजोर हुन्छ । उनीहरू नरम खालको हुन्छन् र सबैको कुरा सुन्न र सिक्न चाहन्छन् । पावलको समय स्त्रीहरू धेरै झुटो शिक्षामा सजिलैसित परीक्षामा परेको र झुटो शिक्षामा फसेको बुझिन्छ । तर झुटो शिक्षामा स्त्रीहरू मात्र होइन, पुरुषहरू पनि फसेका छन् । परीक्षामा, झुटो शिक्षामा फस्नेहरू सबैको चाहे स्त्री वा पुरुष, यस्तै चरित्र हुन्छन् ।

पावल भन्छन् कि ती स्त्रीहरू सिक्न चाहनेहरू (teachable spirit) छन् । सधैँ अरूबाट नयाँ नयाँ कुराहरू सिकिरहन्छन् । उनीहरूलाई सत्य, असत्य, खराब असल केही अत्तोपत्तो नहुँदो रहेछ । तिनीहरू सत्यको ज्ञानमा कहिल्यै आउन सक्दैनन् । उनीहरूको मनमा यस्तो विचार थियो कि सबैबाट शिक्षा सिकिराख्नुपर्छ, कहिलेकाहीँ काम लाग्न सक्छ । हिन्दु दाजुभाइ दिदीबहिनीहरू जस्तै सत्यको खोजमा सधैँ ती एफिसीहरू पनि सधैँ लागिरहन्थे । यस्तो व्यक्तिहरूलाई झुटो शिक्षकहरूले फेला पार्छन् र सजिलैसँग मन परिवर्तन गरि दिन्छन् । झुटो शिक्षकहरूले जीवनमा समस्या भएकाहरू, गरिबहरूलाई ठूल्ठूला प्रतिज्ञाहरू देखाएर, समस्याका समाधानहरू गर्ने प्रतिज्ञा गर्दछन् । र तिनीहरूले मानिसहरूलाई आफ्नो अधीनमा छिट्टै सजिलै लिन्छन् । पछि मात्र झुटो शिक्षामा लागेकाहरूले थाहा गर्नेछन् कि उनीहरूको अवस्था पहिलेको भन्दा झन् नराम्रो अवस्थामा पुगेछ । कतिले त पछिसम्म नै पनि नराम्रो कुरा थाहा गर्न सक्दैन र त्यही राम्रो ठानी त्यसमै लागिरहन्छन् । धेरै जसो मानिसहरू झुटो शिक्षामा लागेकाहरू फर्कनै नसकेको देखिन्छ । झुटो शिक्षकहरूले आफ्नै मात्र शिक्षामा एकोहोरो बनाइदिन्छ र अरू कुराहरू बाइबलमा भएको देख्न र सोच्न नै नसक्ने बनाई दिन्छन् । त्यसकारण हामीले मण्डली सदस्यहरूलाई राम्रोसँग ठिक शिक्षा बाइबलबाट सिकाउनुको साथै झुटो शिक्षाको बारेमा शतर्क गराउनुपर्छ ।

पद ८-९ झुटो शिक्षकहरूलाई फारोह राजाका जादुगरहरू जेन्नस (यान्नेस) र जोब्रस (याम्ब्रेस) सँग तुलना गरेका छन्, जसले मोशाको विरुद्धमा काम गरेका

थिए । यिनीहरूको नाम पुरानो नियम वा करार बाइबलमा उल्लेख छैन । तर यहूदीहरूको मौखिक भनाइ र कथामा यी दुई जनालाई मोशाको विरुद्धमा लागेका भनेर चिनिन्थ्यो । झुटो शिक्षकहरूले पनि जेन्नस र जोब्रसले जस्तै सत्यको विरोध गर्छन् । यिनीहरूलाई पावलले बुद्धि बिग्रेका (वा भ्रष्ट दिमागका) र विश्वासको विषयमा रद्दी (नक्कली विश्वासी) मानिसहरू हुन् भनेर भनेका छन् । यिनीहरू पावलले गरेका कामको नक्कल गर्ने, शिक्षाको नक्कल गर्नेहरू तर कालान्तरमा उनीहरूको शिक्षा र काम स्थिर हुँदैन । शैतानले परमेश्वरको नक्कल गर्छ । कालान्तरमा उनीहरूको शिक्षा र काम स्थिर हुँदैन । शैतानले परमेश्वरको नक्कल गर्छ । ऊ परमेश्वर जस्तै देखा पर्छ । त्यस्तै विभिन्न धर्मका मानिसहरू पनि र झुटो शिक्षकहरू पनि ख्रीष्टियान विश्वासको नक्कल गर्छन् । उनीहरूलाई सत्य के हो, विश्वास के हो र परमेश्वर को हुनुहुन्छ थाहा छैन, तर पनि जानेबुझे जस्तो गरिदेखाउँछन् । उनीहरूले भित्र-भित्रबाट असत्यतिर र झूठतिर लगिरहेका हुन्छन् । उनीहरूले झूठलाई बदुवा दिन्छन् (Promote गर्छन्) र सत्यको विरोध गर्छन् । परमेश्वरको वचनको विरोध गर्छन् । तर मानिसको ज्ञान बुद्धि, दार्शनिक कुरामा जोड दिन्छन् । आधुनिकताको समाजमा मिलेर बस्ने कुरा गरेर पापको वास्तविकता, यथार्थतालाई इन्कार गर्छन् । अनि मानिसहरूको उद्धारको, मुक्तिको आवश्यकतालाई महत्व दिँदैनन् ।

तर तिनीहरू अझ धेरै टिक्न सक्ने छैनन् किनकि ती दुई मानिसको जस्तै तिनीहरूको मुर्खता सबैकहाँ प्रकट हुनेछ । झुटो शिक्षकहरूलाई जाँचेर पक्का गरी प्रमाण गरेको हुन्छ । परमेश्वरको न्याय आसनको अघि झुटो शिक्षकहरू र अरू धर्मकाहरू साबिक प्रमाण हुनेछन् कि उनीहरू असत्य र झूठ हुन् । यही संसारमा पनि यिनीहरू सबैको सामु मुर्ख ठहर्नेछन् ।

### निष्कर्ष (Conclusion)

आखिरी दिनहरूमा अधर्मीहरू धेरै आउनेछन् । हामीहरू अधर्मी मानिसहरूबाट अलग बस्नुपर्छ । झुटो शिक्षकहरूले आत्मिक कमजोरीहरूलाई कब्जामा पार्छन् । त्यसकारण विश्वासीहरूलाई बाइबलीय ठिक शिक्षामा हुर्काउनुपर्छ र हुर्कनुपर्छ । कमजोर स्त्रीहरूलाई झन् छिटो उनीहरूको कब्जामा पार्छन् । दिदीबहिनी र सबै नै होसियारी भएर जिउनुपर्छ । नयाँहरूसँग एकैचोटि नझ्यामिनुहोस् ।

# ३. विश्वासयोग्य भएर सत्य शिक्षा लगातार प्रचार गरिरहनुपर्छ ।
# We need to preach the true teaching faithfully

(२ तिमोथी ३:१०–१७; 2 Timothy 3:10-17)

पावल झुटो शिक्षकहरूको विषयबाट अब सत्य शिक्षामा र पावलको आफ्नो विश्वासयोग्यतामा तिमोथीलाई लाग्न आह्वान गरेका छन् । सत्य अगुवाहरूको पछि लाग्नुपर्छ भनेर पावलले यहाँ तिमोथीलाई शिक्षा दिँदैछन् ।

### १. दुःख–कष्ट र सतावटको समयमा पनि विश्वासयोग्य जीवन जिउनुपर्छ। (३:१०–१३)
### We need to live a faithful life even in difficult situation. (3:10-13)

पावल फेरि झुटो शिक्षाको बहसपछि आफ्नै जीवनको एक उदाहरणबाट उत्साह दिन गइरहेका छन् । पावलले सतावटमा, दुःख-कष्टमा कसरी धीरजसँग सहेको र विश्वासयोग्य भएर आफू जिएको कुरा गर्दछन् । पावलले सीधा आफूले देखाएको चरित्र, व्यवहार यसरी तिमोथीलाई लेख्दछन्, "अब त तिमीले मेरो शिक्षा, मेरो चरित्र, मेरो जीवनको लक्ष्य, मेरो विश्वास, मेरो धर्म, मेरो प्रेम, मेरा कष्टहरू एन्टिओक, आइकोनियम र लुस्त्रामा म माथि के पर्न आयो र कस्ता-कस्ता सतावटहरू सहेँ, तापनि ती सबैबाट प्रभुले मलाई बचाउनुभयो ।" पावलको केही कुरा लुकाउनुपर्ने थिएन । पावलको बारेमा तिमोथीलाई सबै कुरा थाहा थियो । पावलले आफ्नो राम्रो राम्रो पक्षमात्र बताएको होइन सबै कमजोर र असफलताहरू पनि खुलस्त बताई दिएका छन् । पावलको जीवन साँचो-सत्य थियो । उनमा कुनै बहानाको कुरा, देखावटी कुराहरू थिएन । तिमोथी पावलसँगसँगै काम गर्ने भएकोले पावलको जीवनबारे पावलले नभने तापनि खासमा तिमोथीलाई सबै कुरा विस्तृत रूपमा थाहा छ ।

यहाँ पावलले “मेरो शिक्षा वा सिद्धान्त” भनेको उनको साँचो विश्वास, जुन ख्रीष्ट येशूको सुसमाचारको शिक्षा हो । जतिसुकै राम्रो प्रचार गरे पनि, चिच्याए तापनि र मानिसहरूलाई हसाउने र रुवाउने गरे पनि परमेश्वरको वचनको सत्यता प्रचार गर्दैन भने त्यो ठिक प्रचार होइन र त्यस्तोको समर्थन गर्न वा प्रशंसा गर्न मिल्दैन र परमेश्वरको वचनभन्दा पनि आफ्नै कामको र जीवनीको विषयमा धेरै प्रचार गर्छन् । यस्ताहरू देखि होसियारी हुनुपर्छ ।

पावलको चरित्र उनको शिक्षासँग मिल्थ्यो । उनको प्रचार एउटा जीवन जियाइ अर्कै थिएन । बलिदानको प्रचार गरेर आफू भने सुख विलासको जीवन जिएनन् । सत्यको निम्ति पावल स्थिर भए । साथीहरू त्याग्नु परे पनि आफ्नो ज्यानै गुमाउनु परे पनि सत्यलाई कहिले पनि त्यागेनन् ।

अर्को कुरा पावलको उद्देश्य सफा थियो । उनले सधैँ परमेश्वरको इच्छा पालन गर्न चाहन्थे र परमेश्वरले उनलाई जिम्मेवारी पूरा गर्न चाहन्थे (प्रेरित २०ः २४; फिलिपी १ः२१) । पावल विश्वासमा भरपूर थिए । उनले परमेश्वरमा पूर्ण विश्वास गरेका थिए । अनि पावल धीरजी पनि थिए । जसले जति हमला गरेपनि उनले ख्रीष्टको निम्ति सहन्थे । उनी सधैँ अरूलाई प्रेम गर्ने व्यक्ति थिए । अरूको सेवामा आफूलाई पूर्ण रूपमा दिन पनि तयार थिए । उनले धर्मी जीवन जिएकाले नै धेरैबाट सतावट सहनु परेको हो । आजभोलि कसैकसैको सोचाइ छ कि धार्मिक जीवन जियो भने दुःख-कष्ट सतावट आउँदैन भनेर । यो त बाइबलको शिक्षाको विपरीत कुरा हो । सत्य काम गर्ने, धार्मिकताको जीवन जिउनेहरूलाई झन् बढी सतावट आउछन् । किनभने शैतान जहिले पनि परमेश्वरको भक्त सेवकको विरोधमा हुन्छ । यदि संसारतिर र शैतानसँग सम्झौतामा जिउँछ भने त शैतानले सतावट र दुःख-कष्ट नै दिने छैन / थिएन नि । येशू प्रभुले पनि यूहन्ना १५ः१८ देखि मुनि यस्तो सतावट र दुःख-कष्ट आउने विषयमा चेलाहरूलाई बताउनुभएको छ । ख्रीष्टियानहरू संसारका होइनन्, संसारबाट प्रभुले छान्नुभएको हुन् । संसारका नै भएको भए संसारले घृणा गर्ने थिएन ।

पद १३. दुष्ट मानिसहरू र ठगाहाहरू ठगेर र ठगिएर झन्-झन् दुष्ट हुँदै जानेछन् । उनीहरू बिग्रनु, नराम्रो हुनु बाहेक राम्रो हुँदैन । किनभने शैतानले उनीहरूलाई चलाई राखेको छ । यी अन्तिम दिनहरूमा दुष्टहरू र ठगहरू बढ्ने छन्, झुटो शिक्षकहरू बढ्ने छन् । उनीहरूबाट वच्ने एउटा मात्र उपाय छ, त्यो हो परमेश्वरको वचन ठिकसँग राम्रोसँग अध्ययन गर्ने र त्यस सत्य बाइबल

वचनअनुसार हिँड्नुपर्छ, जिउनुपर्छ र बाइबलसँग नमिलेको शिक्षाबाट होसियारी हुनुपर्छ ।

## २. **बाइबल धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो ।** (३:१४–१७)
**Scripture is inspired by God. (3:14-17)**

*क) वचन प्रचार गरिरहनुपर्छ । (३:१४-१५)*
*Need to preach on continually. (3:14-15)*

यहाँ पावलले तिमोथीलाई कडा आज्ञा नै दिँदछन् कि उनले सिकेका र दृढतासँग विश्वास गरेका यी कुराहरूमा लागि रहनुपर्छ । तिमोथीले कसबाट सिकेको हो सो तिमोथीलाई थाहा छ । हामीले अनुमान लाउन सक्ने दुई क्षेत्रहरू छन् । **क**) पहिलो पावलबाट सिके **ख**) दोश्रो आफ्नी आमा र बज्यैबाट परमेश्वरको वचनबाट सिके । तिमोथीको बाल्याकालदेखि नै उनले परमेश्वरको वचन सिक्ने मौका पाएका थिए । तिमोथीले जे पावलबाट र आफ्नो आमा अनि बज्यैबाट सिके त्यही कुरामा लगातार लागिरहे । परमेश्वरको वचन सिक्न कहिल्यै पनि थामिनु वा रोकिनुहुँदैन । सानो, ठूलो, बुढो सबैले लगातार परमेश्वरको वचन सिकिरहनुपर्छ । कति पल्ट पुरानो विश्वासीहरू बाइबल पढ्दैनन्, घरेलु सङ्गति जाँदैनन् । उनीहरूको मनमा बाइबल पढ्नु, सङ्गतिमा जाने भनेको नयाँहरूका लागि मात्र जस्तो लाग्छ होला वा सोच्छन् होला । यो दुःख लाग्दो कुरा हो । आमा-बाबुले आफ्ना छोराछोरीलाई घरमा परमेश्वरको वचन बाल्यकालदेखि नै सिकाउनुपर्छ । बाइबल अध्ययनको महत्व आमाबाबुले बुझ्नुपर्छ र छोरा छोरीलाई पनि बुझाउनुपर्छ ।

**पद १५** बाइबललाई विश्वास गरेर मुक्ति पाएको होइन, तर ख्रीष्ट येशूमा विश्वास गरेर मुक्ति पाएको हो । तर बाइबलले ख्रीष्टको बारे प्रकाश पारेको छ । बाइबल अध्ययनविना ख्रीष्ट येशूलाई चिन्न सकिन्न । बाइबल पढाइ र अध्ययनले मुक्तिको बारेमा जानकारी दिन्छ र हाम्रो पापको बारेमा प्रकाश पारिदिन्छ । हामीलाई पश्चात्तापमा डोऱ्याउँछ । बाइबलले एक ऐनाले जस्तै हाम्रो जीवन कस्तो स्पष्टसँग देखाई दिन्छ र परमेश्वरको गुण पनि स्पष्टसँग देखाई दिन्छ । परमेश्वरको मुक्तिको योजना पनि बाइबलले बुझाउँछ । शैतानसँग लड्ने एक ठूलो हतियार परमेश्वरको वचन हो । परमेश्वरको वचन हाम्रो आत्मिक खाना पनि हो ।

*ख) परमेश्वको वचन जीवन सच्याउन लाभदायक हुन्छ। (पद१६)*
*Scripture is useful for correcting life. (v. 16)*

**पद १६** बाइबल धर्मशास्त्र सत्य छ र भरोसा गर्न लायकको छ।
सबै धर्मशास्त्र परमेश्वरबाट प्रेरणा भएको हो (All Scripture is God breathed)। यो शिक्षा सिद्धान्त एकदम महत्वपूर्ण छ। शैतानले सुरुदेखि नै परमेश्वरको वचन बाइबल धर्मशास्त्रलाई हमला गर्दै आइरहेको छ । उत्पत्ती ३:१ मा शैतानले उहाँलाई सोधे, “के परमेश्वरले साँच्चै भन्नुभएको हो ?” र शङ्का हालिदिए। परमेश्वर सत्य हुनुहुन्छ। येशू ख्रीष्ट सत्य परमेश्वर हुनुहुन्छ। परमेश्वरको वचन सत्य हो भनेर प्रभु येशूले भन्नुभयो (यूहन्ना १७:१७)।

परमेश्वर पवित्र आत्माले परमेश्वरका जनहरूलाई परमेश्वरको वचन लेख्न प्रयोग गर्नुभयो (२ पत्रुस १:२०-२१) । पवित्र आत्माले लेखकहरूको आफ्नो संस्कृति, भावना, स्वभाव, चरित्र, इतिहासलाई प्रयोग गर्न स्वतन्त्र दिनुभयो। हरेक लेखकको तरिका, शब्द छनौटमा स्वतन्त्र दिनुभएको थियो तर घटना, मुख्य बताउनुपर्ने कुरा खबर भने एउटै थियो । हरेक बाइबलका पुस्तकहरू विभिन्न परिस्थिति, अवस्थामा लेखकले देखेको घटनालाई आफ्नै शब्दमा लेखेका हुन् । सबै कुरा सत्यमा आधारित छन् । बाइबल भनेको सबै कथाहरूको सङ्कलन, दन्त्य कथाहरूको सङ्कलन वा मानिसहरूको परमेश्वरबारे विचारहरूको सङ्कलन होइन। यो बाइबल मानिसको किताब होइन। परमेश्वरको योजना, इच्छा, उद्देश्य पवित्र आत्माद्वारा आफ्नो मानिसहरूलाई समय-समयमा लेख्न लगाएको पुस्तकहरू हो । मान्छेको आफ्नो सोचाइमा वा विचारमा कल्पना गरेर लेखेको पुस्तक बाइबल होइन । बाइबलमा कति लेखकहरूले आफू के लेख्दैछु भनी बुझेनन् तर परमेश्वरले नै “जे लेख” भनेर भन्नुभयो त्यो नबुझे पनि लेखेको कुरा उल्लेख छ।

बाइबल धर्मशास्त्र विश्वासयोग्य र भरोसा गर्न लायकको छ, किनभने परमेश्वरले नै आफ्नो नियन्त्रणमा लेखाउनुभएको हो । परमेश्वरको वचन धर्मशास्त्र हाम्रो विश्वास र जीवन जिउनको निम्ति एक आधिकारिक छ । त्यसकारण यो बाइबल जो परमेश्वरबाट प्रेरणा भएको, सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, उचित वा ठिक जीवनयापन गर्नलाई उपयोगी छ अथवा अति काम लाग्छ।

बाइबल नै सबै कुरा जाँच्ने (सत्य, असत्य, ठिक, बेठिक आदि) एक मात्र यन्त्र हो । झुटो शिक्षाबाट वच्ने र झुटो शिक्षा चिन्ने पनि बाइबल नै हो ।

बाइबललाई नमान्ने सबै झुटो हुन् र बाइबलसँग नमिल्ने कुरा सिकाउँछन् पनि त्यो सोझै झुटो शिक्षा हो ।

बाइबल अध्ययन गर्नु एकदम आवश्यक छ । बाइबल अध्ययन गरेर वचनअनुसार व्यावहारिक जीवन, पवित्र जीवन जिउनुपर्छ । अनि मात्र हामी प्रभुमा आत्मिक रूपमा बढ्दै गएका हुन्छौं । झुठ, असत्यलाई अलग राखेर अघि बढ्न परमेश्वरको वचनले सहायता गर्नेछ ।

*ग) परमेश्वरको जन सुकर्ममा लाग्नुपर्छ । (पद १७)*
*Man of God should involve in good work. (V.17)*

**पद १७** : "परमेश्वरका जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस" भनेर पावल भन्दछन् । परमेश्वरको वचनको निम्ति चरम इच्छा हुनु, अध्ययन गर्नुले हामीलाई हरेक असल कामको निम्ति पूर्णरूपले सुसज्जित पार्छ र तयार पार्छ, हाम्रो बाइबल अध्ययन ज्ञान प्राप्त गर्न र बहस वा छलफल (judgements) जित्नका लागि मात्र हुनुहुँदैन । तर परमेश्वरको इच्छा पत्ता लगाउन, परमेश्वरको उद्देश्य र योजनाअनुसार काम गर्न बाइबल अध्ययन गर्नुपर्छ । हाम्रो बाइबल अध्ययनले हाम्रो विश्वास बढाउनुपर्छ, हाम्रो आत्मिक जीवन प्रभुमा बलियो हुनुपर्छ । अन्तमा असल काम गर्न, सत्य काम गर्न यसले हामीलाई अगुवाइ गरेको हुनुपर्छ ।

बाइबल पढ्ने, अध्ययन गर्ने समय मिलाउनुहोस् । तपाईं कतिको बाइबल पढ्नमा, अध्ययनमा समय बिताउनुहुन्छ ? लगातार बाइबल पढ्नुहोस्, अध्ययन गर्नुहोस् र परमेश्वरको सत्यता, इच्छा पत्ता लगाई आफ्नो विश्वासमा र जीवनमा निश्चयता लिनुहोस् । पूरा बाइबल पढ्न समय तालिका बनाउनुहोस् र झर्को र अल्छी नमानी दिनका दिन ५/६ अध्याय पढ्ने गर्नुस् ।

## निष्कर्ष (Conclusion)

दुःख-कष्ट र सतावटको समयमा पनि विश्वासयोग्य जीवन जिउनुपर्छ । सत्य शिक्षा लगातार रूपमा सिकाइरहनुपर्छ । बाइबल धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट लेखिएको हो । यसमा कुनै भुल, घटिकमि र त्रुटि छैन । ठिक जीवन जिउन, नैतिक-आत्मिक जीवन जिउन सहायता गर्छ ।

# ४. वचन प्रचार र शिक्षामा लागिरहनुपर्छ । We need to preach and teach on the Word of God.

(२ तिमोथी ४:१–८; 2 Timothy 4:1-8)

**१. पावलले तिमोथीलाई वचन प्रचार गरिरहन आज्ञा दिए । (पद १–२)**
**Paul commanded Timothy to preach Word of God. (v.1-2)**

**पद** १: पावलले तिमोथीलाई एकदम चेतावनीका साथ कडा आज्ञा दिन्छन् कि वचन प्रचार गर्नुपर्छ, शिक्षा दिनुपर्छ । पावलले किन यस्तो डरलाग्दो चेतावनी सहित कडा आज्ञा दिएको होला जस्तो हामीलाई लाग्छ । पावलले तिमोथीलाई सम्झाउन चाहन्छ कि यो समय एउटा गम्भीर समय हो र तिमोथीले समयको महत्व बुझ्नुपर्छ । ख्रीष्टको आगमनमा र उहाँको राज्यमा उहाँले न्याय गर्नुहुन्छ । एउटा कुरा पावलको जीवनको अन्तिम समय आइरहेको थियो । पावल र तिमोथी दुवैलाई परमेश्वरले न्याय गर्नु हुन्छ । हाम्रो कामको न्याय गर्नुहुन्छ भन्ने कुरा बार बार सम्झना राख्नु राम्रो हुन्छ । किनभने यसले हामीलाई असल काम गर्न, कामको जिम्मेवारी होसियारीसँग गर्न र विश्वासयोग्यसँग गर्न उत्साह मिल्दछ । हामीलाई मानिसको डर भन्दा परमेश्वरको डर हुनुपर्छ । हामीले अरूको होइन परमेश्वरको सेवा गरिरहेका छौँ भन्ने कुरा बुझ्नुपर्छ ।

**पद** २: "वचन प्रचार गर" भन्ने कुरा मुख्य यो खण्डमा पावलले जोड दिइरहेका छन् । पावलले जति पनि कुराहरू भनेका छन् ती सबै वचन प्रचार गर्नमा जोड दिनलाई भनेका छन् । यो "वचन प्रचार गर " भनेको प्रभु येशू ख्रीष्टको सुसमाचार हरेक व्यक्तिलाई सुनाउ, सिकाउ, बुझाउ भनेका हुन् । अरूहरूले बुझ्ने गरी सुसमाचार प्रचार गर्नुपर्छ । पापी मानिसहरू, सन्तगण सबैलाई परमेश्वरको वचनको धेरै खाँचो छ । कति मानिसहरूले परमेश्वरको वचनको सट्टामा अरू अरू नै प्रचार गर्दछन् । यो दुःख लाग्दो कुरा हो ।

पावलले तिमोथीलाई अर्ती र आज्ञा दिइरहेका छन् कि तिमोथी वचन प्रचारको काममा मेहनती र होसियारी हुनुपर्छ । तिमोथी र हामी पनि सधैं होसियारीका साथ वचन प्रचार गर्न तयार हुनुपर्छ । तिमोथी र हामी पनि सधैं होसियारीको साथै वचन प्रचार गर्न तयार हुनुपर्छ । समय र बेसमयमा (बेला र कुबेलामा) तयार भएर बस्नुपर्छ । मानिसहरूलाई अर्ती दिनुपर्छ । कहिलेकाहीँ हप्काउनुपर्छ, किनकि मानिसहरू ठिक भनेअनुसार काम गर्दैनन्, अटेरिपन देखाउँछन् । कमजोरी र निराश हुनेहरूलाई वचनबाट उत्साह, साहस दिनुपर्छ । परमेश्वरको सेवक धिरजी वा सहने-पर्खने हुनुपर्छ । प्रचार गर्ने बित्तिकै त्यसको फल (नतिजा) नदेख्ला तर फलका लागि पर्खनुपर्छ । फल दिने परमेश्वर हुनुहुन्छ । वचन प्रचारमा कतिले विरोध पनि गर्लान्, आलोचना गर्लान् तर पनि निराश नभइकन पावल जस्तै साहस लिएर सधैं निडर भएर आफ्नो काममा विश्वासयोग्य भएर सधैं लगातार प्रचार गर्नुपर्छ । तिमोथीले अनि हामीले शिक्षा, सिद्धान्तका कुरा राम्रोसँग सिकाउनुपर्छ ।

### २. **झुटो शिक्षकहरू आउनेछन् ।** (**पद** ३–४)
**Cult Teachers will come in future. (v. 3-4)**

**पद** ३–४ः किन प्रचार गर्नुपर्छ र वचन सिकाउनुपर्छ भन्ने कुराको पावल यहाँ कारणहरू पनि दिएका छन् । किनकि यस्तो समय आउँदैछ, तिनीहरू (मानिसहरू) ठिक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन पर्ने कुरामात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन् ।

त्यसको अर्थ हो मानिसहरू सत्य वचन सुन्न चाहँदैन, किनभने सत्य वचनले (परमेश्वरको वचनले) मानिसहरूको पाप, भूल, गल्ती, अधर्म देखाई दिन्छ र उनीहरूलाई अशान्ति हुन्छ अनि सुन्न मन पर्दैन । तर उनीहरूको पाप, भूल नदेखाउने र उनीहरूको काम ठिक छ भनेर समर्थन गरेर बोल्नेको कुरा, शिक्षा सुन्न अवश्य मानिसहरू चाहन्छन् । झुटो शिक्षाले र बाहिरका धर्मकाहरूले मानिसहरूलाई सुन्न मनपर्ने कुराहरू मात्र सिकाउँछन् । जब मानिसले सत्यलाई इन्कार गर्छ तब ऊ दन्त्य कथा, दार्शनिक कुरातिर लाग्छ ।

तर पावलले तिमोथीलाई उत्साह दिँदैछन् कि "तिमी चाहिँ दह्रिला होऊ । कष्ट भोग, प्रचारकको काम गर र तिम्रो सेवाको काम पूरा गर ।" सेवा सबैको एकै किसिमको नहोला र काम फरक फरक अनि साना ठूला पनि होला, तर काम ठूलो र सानोको भन्दा पनि आफूलाई दिएको काम विश्वासयोग्यताका साथ पूरा

गर्नुपर्छ । परमेश्वरले मानिसको हृदय र विश्वासयोग्यता हेर्नुहुन्छ । त्यसकारण तिमोथी र हामी पनि उद्देश्यको महत्व र गम्भीरतालाई बुझी सेवकाइ गर्नुपर्छ । जहाँबाट, जसरी भए पनि आत्मा जित्ने वा बचाउने काम गर्नुपर्छ । जे होस् सम्पूर्ण बाइबल शिक्षा सन्तुलित प्रकारले प्रचार गर्नुपर्छ । संसारको अरबौं मानिसहरूले प्रभु येशूलाई सुन्न बाँकी छ र अरबौंले प्रभु येशूलाई चिनेका छैनन् । पावल र तिमोथी जस्तै अरू पनि विश्वासीहरू विश्वासयोग्यसाथ काम गरेकोले सुसमाचार हामीकहाँसम्म पुग्न सक्यो । त्यस्तै हामीले पनि उनीहरूले जस्तै विश्वासयोग्यताको साथ सधैं हरेक मौकामा सुसमाचार प्रचार गर्नुपर्छ । उहाँ फेरि न्याय गर्नलाई आउँदै हुनुहुन्छ । उहाँमा विश्वास गर्नेहरू सबैले मुक्ति पाउनेछन् र न्यायआशनमा दण्डका लागि उभिनु पर्दैन । स्वर्गमा आज हामी मण्डलीलाई जिम्मा दिनुभएको छ । सजिलो परिस्थिति, असजिलो परिस्थितिमा पनि सुसमाचार सुनाउने काम गरिरहनुपर्छ । सिधै वा घुमाएर, पर्चा दिएर वा आफ्नो जीवन साक्षी दिएर, विवाह कार्यक्रममा वा मृत्यु दफन कार्यक्रम सेवामा जहाँबाट, जसरी भए पनि सुसमाचार सुनाउनुपर्छ ।

**३. पावलको समपर्णताको जीवनबाट हामीले सिक्नुपर्छ । (पद ६–८)**
**We need to learn from the Paul's commitment. (v.6-8)**

पावलले आफ्नो पत्रभरि नै तिमोथीलाई दिएको सल्लाह, उत्साह र कडा आज्ञाको कारण यहाँ पावलले आफ्नो जीवनको रहस्य खोलिदिएका छन् । पावलले यहाँ भन्दछन्, "म त बलिको रूपमा अर्पण हुन लागेको छु मेरो बिदाइको बेला आएको छ ।" उनको भनाइ अब पावल मर्न लागेका छन्, उनको बुढेसकाल आएको छ । प्रभुको सेवा गर्दागर्दै जीवन बित्न लाग्यो भनेको हो । त्यसकारण हामीले यो कुरा बुझ्नुपर्छ कि पावलले किन तिमोथीलाई "कडा आज्ञा" दिएका रहेछन् त भनेर । पाँच पदमा पनि पावलले तिमोथीलाई भन्दछन् कि "तर तिमी चाहिँ" प्रचारको काम गर भन्नुको अर्थ पावलको अन्तिम दिन आएको छ, अब तिमोथीले सेवकाइलाई निरन्तरता दिनुपर्छ भन्ने हो ।

पावलले यहाँ बलि हुने कुरा गरेको छ । यसलाई बुझ्न गन्ती २८:४-७ सम्मको खण्ड पढ्नुपर्छ । त्यहाँ परमेश्वरको निम्ति अर्घबलि, जुनचाहिँ कडा दाखमद्य र हीन मिसाएको हुन्छ, परमेश्वरको निम्ति पिउन हिसाबमा वेदीमा खन्याइनुपर्थ्यो । परमेश्वरको मनपर्ने अर्घबलिको रूपमा बेदीमा खन्याइन्थ्यो (अङ्ग्रेजीमा drink offering भनेको छ) । पावललाई थाहा थियो कि उनको

अन्तको दिन नजिक आएको छ । तर पावल मृत्युदेखि डराएको पाउँदैनौँ । उनी आफ्नो काममा, विश्वासमा निश्चित थियो । कसैले उनलाई मर्ने कुरा होइन कि बरु आफैं परमेश्वरको सेवाका लागि अर्घबलि जस्तै आफै बलिदान दिन वा बलिको रूपमा खनिन तयार भएको कुरा बताउँदछन् । ख्रीष्टको सेवाको निम्ति उनी आफ्नो जीवन दिन सधैँ तयार थिए ।

पावलले चलाएको अर्को एउटा शब्द हो “बिदाइ” (analyseos) । बिदाइको अर्थ बुझ्नु राम्रो हुन्छ । पावलको समयमा जहाजलाई रोक्न अंकुशे सिक्रीले अड्काएका हुन्थे, हुन सक्छ आजभोलि पनि त्यस्तै नै गर्छ । जब जहाज यात्रामा जान तयार हुन्छ तब त्यो अंकुशे सिक्रि निकाल्छ र जहाज आफ्नो गन्तव्य स्थानका लागि हिँड्छ । पावलले उनको मृत्यु पनि यस्तै उनको जीवन संसारबाट स्वर्गतिरको प्रस्थान हिँडाइ वा छुट्कारा पाएको अनुभवमा कुरा गर्दैछन् । अब उनी अनन्तको घरको निम्ति जान तयार छन् । यसको अर्को अर्थ पावलको डेरा निकाल्नु हो । २ कोरिन्थी ५ः१-८ पद सम्ममा पावलले मृत्युलाई, विश्वासीहरूको मृत्युलाई पावलको डेरा निकालेकोसँग तुलना गरेका छन् । यस मरणशील शरीर बाट महिमित अनन्तको शरीरमा सर्ने कुरा गर्दैछन् । बिदा हुनेले जेलबाट छुटकारा पाएको कुरासँग तुलना गरेको पाइन्छ । त्यस्तै गोरुको जुवा निकालिदिनुलाई यो शब्द आनालाइसियोस (analyseos) चलाएको छ । पावल धेरै वर्षसम्म प्रभुको सेवकाइमा गोरु जस्तै कडा परिश्रम गरेका थिए । अब प्रभुले उनको काँधबाट जुवा निकाल्न लाग्नुभएको छ । र अब राम्रो सेवाका लागि प्रभुले पावललाई बढुवा (Promote) गर्न लाग्नुभएको छ ।

**पद ७ः** पावलले आफ्नो सेवकाइलाई एकचोटि रोकेर फर्केर हेर्छन् र मूल्याङ्कन गर्दछन् । अनि आफ्नो जीवनबाट तिमोथीलाई हौसला दिँदछन् । उनी भन्दछन्, “मै ले उत्तम लडन्त वा लडाइँ लडेको छु । मैले दौड सिध्याएको छु । मैले विश्वासलाई बचाइराखेको छु ।” यहाँ पावलले चलाएको एउटा शब्द मुक्काबाजी (Boxing) को छ भने अर्को दौडको छ । जीवनको सेवकाइको खेल पावलले नियमपूर्वक खेली सिध्याएका छन् । अब इनामका लागि पावल तयार छन् । अर्को कुरा पावलले भनेको “विश्वासलाई बचाइराखेको” हो । यसको अर्थ हुन्छ कि पावल एक भण्डारे जस्तै भएर उनलाई प्रभुले दिनुभएको विश्वासलाई जोगाइराखेको, बचाइराखेको । उनलाई दिएको सुसमाचारको जिम्मालाई राम्रोसँग विश्वासयोग्य भएर चलाइदिएको भनेको हो । आफ्नो लामो सेवकाइको जीवनलाई फर्केर हेर्दा कुनै अफसोस नभएको, सन्तुष्टिको जीवन पाउनु धेरै ठूलो

कुरा हो । पावलको सेवकाइमा धेरै गाह्रो-साह्रो, अप्ठ्यारो परिस्थतिको सामना गर्नुपर्‍यो, तर पनि पावल आफ्नो सेवकाइको जिम्मेवारीमा विश्वासयोग्य भएर स्थिर भएर बसे।

के त तपाईं र म पावलले जस्तै जीवनको अन्तमा भन्न सकौंला "मैले उत्तम लडन्त लडेको छु, मैले दौड सिध्याएको छु। र मैले विश्वासलाई बचाइ राखेको छु" भनेर ? अहिले नै हाम्रो सेवकाइ कस्तो छ ? के सेवकाइ राम्रोसँग गर्दैछौं ? हाम्रो विश्वास कस्तो छ ? सेवकाइमा लागेकोमा दुःख त लागेको छैन ? के तपाईंको सेवकाइमा तपाईं सन्तुष्टि हुनुहुन्छ ? के तपाईंको सेवकाइमा प्रभुको इनामलाई सम्झनुहुन्छ ?

**पद ८**: पावल आफ्नो इनाम पाउन निश्चित भएको कुरा बताउँछ । पावलले धार्मिकताको मुकुटको आशा राखेको छ। ग्रिक र रोमी खेलाडी जसले खेलमा जित्छ, त्यसलाई सबै मानिसहरूको जमातको अघि अगाडि बोलाएर अग्लो स्थानमा इनाम दिने गरिन्थ्यो। अनि विजयको मुकुट पहिराई दिन्छ।

येशू ख्रीष्ट धार्मिक न्यायकर्ता हुनुहुन्छ। उहाँले सधैँ ठिकसँग न्याय गर्नुहुन्छ। पावल आफ्नो पाउने इनाममा निश्चित छ किनभने उनले सेवकाइ मेहनतसाथ, कडा परिश्रम गरेका थिए। परमेश्वर येशू ख्रीष्टले पावलको सच्चाइपन राम्रोसँग बुझ्नुभएको छ। उहाँ मानिस जस्तो अधार्मिकताको साथ न्याय गर्नुहुन्न । हाम्रो न्याय परमेश्वर येशू ख्रीष्टले गर्ने भएकोले गर्दा डराउनु पर्दैन, शङ्का गर्नु पर्दैन । राम्रोसँग निश्चित भएर उहाँको सेवा गरे हुन्छ । पावल परमेश्वरको न्याय र धार्मिकताको विषयमा निश्चयता पाठक वर्गहरूलाई पनि दिँदछन् र सेवकाइका लागि उत्साह दिँदछन् । पावल भन्छन्, "मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनु हुनेछ।" उहाँको आगमनको आशा राख्ने र आफ्नो जीवन पवित्रतामा जिउँछ र सेवामा लागि रहन्छ भने त्यस व्यक्तिलाई प्रभुले जीवन मुकुट इनाम स्वरूप दिनु हुनेछ।

## निष्कर्ष (Conclusion)

विश्वासयोग्य भएर सत्य शिक्षा लगातार रूपमा सिकाइरहनुपर्छ । दुःख-कष्ट र सतावटको समयमा पनि स्थिर र विश्वासयोग्य जीवन जिउनुपर्छ । बाइबल धर्मशास्त्र परमेश्वरको प्रेरणाद्वारा लेखिएको वचन हो । यसमा कुनै भुल, घटिकमि छैन। पावलको पूर्ण समर्पणताबाट हामीले पनि सिक्नुपर्छ। पावल जस्तै प्रभुको सेवामा समर्पित हुनुपर्छ।

# ५. पावलको दुःख, कष्ट र निराश अवस्थामा परमेश्वरले सहायता गर्नुभयो ।
# God helped Paul in his difficulties.

(२ **तिमोथी** ४:९-२२; **2 Timothy 4:9-22**)

**१. पावललाई धेरैले त्यागेर गए ।** (४:९-१६)
**Many left Paul. (4:9-16)**

**पद ९**: यो अन्तिम खण्डमा पावलले तिमोथीलाई पावलकहाँ आउन र साथ दिन अनुरोध वा आह्वान गरिरहेका छन् । पावलले "कोसिस गर" भन्नेमा जोड दिएका छन् । पावल भन्दछन्, "मकहाँ चाँडै आउनलाई भरमग्दुर कोसिस गर ।" पावल कति समयसम्म बाँच्न पाउँछ त्यसमा निश्चित थिएन, त्यसकारण सबैकुरा पावलले हतार गरेका छन् । पावललाई लागिरहेको थियो कि छिट्टै नै अब उनलाई मारिने छ । तिमोथीले ढिलो गऱ्यो भने पावललाई तिमोथीले भेट गर्न र कुराकानी गर्न पाउने छैन । तिमोथीको यात्रामा नै महिनौं दिन लाग्ने छ । त्यसकारण जति ढिलो गऱ्यो, उत्तिनै तिमोथी रोममा धेरै नै ढिलो पुग्छ । पावलले पद ६ मा "बलिदान हुँदैछ" भन्नेले पनि यो कुरा बुझ्भाउँछ ।

**पद १०**: पावलले तिमोथीलाई खोजेको एउटा कारण त्यहाँ भएका मानिसहरूले पावललाई एक एक गरि छोडेर संसारको प्रेमतिर लागे । डेमासले यस वर्तमान संसारलाई प्रेम गरी पावललाई त्यागेर गए । डेमासले प्रभुको आगमनलाई प्यार गरेन र आशा पनि गरेन । त्यसकारण विश्वासबाट पछि हट्यो (Backslide भयो) ।

**पद ११**: कलस्सी ४:१४ अनुसार डेमास पनि पावललाई साथ दिँदै सेवकाइमा लागिरहेका थिए । त्यस्तै फिलेमोन २४ पदमा पनि पावलको साथ हिँडेको पावलले उल्लेख गरेको पाइन्छ । हुन सक्छ कि डेमासले आफ्नो सुरक्षाका लागि,

स्वतन्त्रताका लागि उनी थिस्लोनिकीमा आरामसँग बस्न चाह्यो । पावलको निराश अवस्थामा विश्वासयोग्य आज्ञाकारी चेला, आत्मिकी छोरालाई आफ्नो साथ चाहनु स्वभाविक कुरा हो ।

क्रेसेन्सले पनि छोडेर गलातियामा गयो । उनको विषयमा केही बढी कुरा थाहा छैन । तीतसचाहिँ दलमातियामा गएको थियो । लुका मात्र पावलसँग बसिरहेका थिए । यो दलमातिया भन्ने ठाउँ अहिले युगोस्लाभिया (Yugoslavia) हो । डेमासको बाहेक अरूहरूको यहाँ नराम्रो कुरा वा दाग केही देखिँदैन । लुकाले डेमासको बाहेक लामो समयसम्म साथ दिएको कुरा देखिन्छ वा बुझिन्छ, जस्तै कलस्सी ४:१४ र फिलेमोन २४ मा भनेअनुसार लुका पनि पावलसँगै जेल पनि परेको थियो (पहिलो चोटिको रोमको जेलमा पर्दा) मर्कुसलाई पनि खोजेर तिमोथीको साथ पावलकहाँ लानुपर्ने कुरा छ । तिमोथीलाई मर्कुसलाई खोज्नुपर्छ किनभने मर्कुस कहाँ बस्छ थाहा छैन । एक समय पावलले मर्कुस काम नलाग्ने भनेर विरोध गरेका थिए र त्यागेका थिए । मर्कुसको कारणले गर्दा वर्णवास र पावलको मिसन कार्य वा सेवा नै अलग-अलग गर्नुपर्‍यो । बर्णवासले मर्कुसलाई लिएर साइप्रसतिर गए र पावल सिलासलाई लिएर अर्कैतिर गए । यसको विस्तृत बुझ्न तपाईं आफैं प्रेरित १५:३६-४० पढ्नुहोस् । एकचोटि पावलले मर्कुसलाई अयोग्य ठहर्‍याई सकेका थिए तर अहिले पावलले उनलाई सेवकाइमा काम लाग्ने भनेर बुझेका छन् ।

**पद १२**: पावलले टुखिकसलाई एफिससमा पठाएका थिए । त्यसको अर्थ तिमोथी पावललाई भेट्न जाँदासम्म टुखिकसले सेवकाइमा सहायता गरिदिने भन्ने बुझिन्छ ।

**पद १३**: तिमोथी रोम जाँदा बाटोमा त्रोआसमा पनि पसी पावलले छोडि राखेको ओढ्ने, पुस्तकहरू र चर्मपत्रहरू अझ विशेष गरी लिएर जानु पर्थ्यो । रोममा अवश्य पनि जाडो थियो होला र पावलले अध्ययन गर्नका लागि किताबहरू पनि चाहेका थिए । किताबहरू भनेको सायद पुरानो नियम बाइबलका खण्डहरू थिए । पावलले तिमोथीलाई पत्रको अन्तमा भन्दछन् कि हिउँद आउन अघि नै प्रयत्न गर, कोसिस गर (२ तिमोथी ४:२१) । यो भन्नुमा ठूलो कारण छ । त्यो हो कि हिउँदमा समुद्री यात्रा बन्द हुन्छ । जहाजहरू सबै बन्दरगाहमा नै केही महिनासम्म थन्किन्छन् । किनभने हिउँदमा जहाजी यात्रा एकदम खतरापूर्ण, डरलाग्दो हुन्छ ।

तिमोथीले केही गरी ढिलो गऱ्यो भने यो यात्राको मौका गुम्छ र पावललाई भेट्न पनि पाउँदैन र पावल पनि जाडोमा कक्रिएर बस्नुपर्ने हुन्छ।

पावलको समूहमा भएकाहरू कति विश्वासयोग्य भएनन्; उनीहरूले पावललाई धोका दिए। त्यसकारण पावलले तिमोथीलाई बारबार विश्वासयोग्य बन भनेर लेखेका हुन्। पावलले तिमोथीलाई पूर्ण भरोसा गर्न सकेको छ।

**पद १४**: तमौटे अलेकजेन्डरले पनि पावललाई छोडे र ज्यादै खराब पनि गरे भनेर पावल लेख्दछन्। तमौटे भनेको फलामको काम गर्ने भनेको हो। त्यो फलामको काम गर्ने अलेकजेन्डरलाई तिमोथीले राम्रोसँग चिन्छन्। यो तमौटे अलेकजेन्डरले गरेको ज्यादै खराबी चाहिँ पावलको प्रचारको घोर विरोध गरेको थियो (२ तिमोथी ४:१५)। पावलको त्यो व्यक्तिसँग व्यक्तिगत बदला लिने इच्छा छैन। किनकि पावलले यहाँ भनेका छन्, "प्रभुले त्यसलाई त्यसका कामअनुसार बदला दिनुहुनेछ।" पावलले यो कुरा भजनसंग्रह ६२:१२ बाट लिएको हो। रोमी १२:१९ पदमा पनि पावलले यो कुरा लेखेका छन्।

**पद १५**: तर पावलको चिन्ता-फिक्रीचाहिँ तिमोथी तमौटे अलेकजेन्डरको पासोमा, शिक्षामा, सुसमाचारको विरोधमा भन्ने हो। त्यसकारण पावलले तिमोथीलाई लेख्दछन्, "त्यसदेखि तिमी पनि होसियार बस, किनकि त्यसले हाम्रो प्रचारको घोर विरोध गऱ्यो।" पावलको चिन्ताको विषय तिमोथीलाई फलाम कुट्ने अलेकजेन्डरले मुर्ख नबनाओस् र तिमोथीलाई मुर्ख कुराहरूले हमला नगरोस् भन्ने नै पावलको मनसाय हो। तिमोथीले यो तमौटे अलेकजेन्डरलाई इन्कार गर्नुपर्छ।

**पद १६**: पावलको पहिलो प्रतिवादमा कसैले उनको पक्ष लिएन, तर सबैले उनलाई त्यागे। खासमा प्रतिवादमा आफ्नो मानिसहरू गएर समर्थन गर्ने र बोलिदिने गर्नुपर्ने तर कोही पनि पावलको बचाउका लागि गएन र त्यागि दिए। तर ती व्यक्तिहरूका लागि प्रार्थना गर्दछन् कि यस कुराको दोष तिमोथीलाई नलागोस् पावलको ठूलो हृदय हामी यहाँ देख्छौँ। हाम्रो पनि पावलको जस्तो ठूलो हृदय राख्नुपर्छ।

सबैजसोले पावललाई त्याग्नुको कारण त्यतिबेला रोममा ख्रीष्टियानहरूलाई धेरै खेदो गर्थ्यो। ख्रीष्टियान हुनु भनेको खतराको कुरा थियो। इ.सं. ६४ को

जुलाइमा रोम आगोले जलेपछि ख्रीष्टियानहरूलाई धेरै दुःख दिन थाल्यो । ख्रीष्टियानहरूलाई बलिको बोका बनाए । नेरो राजाले सबैको कारण ख्रीष्टियानहरूलाई बनाएर दुःख-कष्ट दिए र मारिए पनि । त्यसकारण पावलको साथ भएको अरूले थाहा पायो भने उनीहरूलाई पनि दुःख दिने र मारिने डर भएकोले प्रतिवादमा कोही देखा परेनन् । पावलले उनीहरूको अवस्था र अविश्वासीलाई बुझिदिएका वा समझदारीमा लिएका थिए ।

## २. **प्रभुले पावललाई छुटकारा दिनुभएको ।** (४:१७–१८)

**Lord Jesus delivered Paul for his loneliness. (4:17-18)**

**पद १७:** सबै अन्य जातिहरूले पनि सुनून् भनेर प्रभु पावलको साथमा खडा हुनुभयो र सम्पूर्ण रूपले वचनको घोषणा गर्न उनलाई शक्ति दिनुभयो । अनि सिंहको मुखबाट पनि छुट्कारा पाएको पावल बताउँदछन् । पावलका सुसमाचार प्रचार वा सुसमाचारबारे कुराकानी गर्न कुनै परिस्थितिले रोक्न सकेको थिएन । पावलको सेवकाइको रहस्य परमेश्वरको शक्तिमा भर परेको थियो । पावलको साथमा कोही नउभिदिँदा पनि वा समर्थनमा प्रतिवादमा नआइदिए पनि र सबैले त्यागेर गए पनि उनी भन्छन् कि प्रभु उनको साथमा बस्नुभयो र उनलाई बल दिनुभयो । पावलको लेखाइबाट थाहा हुन्छ कि पावल परमेश्वरमा पूर्ण भरोसा गर्नुहुन्थ्यो । फिलिपी ४:१३ पदमा पावल भन्दछन्, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै सब कुरा गर्न सक्छु ।" पावललाई यो कुरा थाहा थियो र अनुभव पनि गरेको थियो कि ऊ आफ्नै बलमा, शक्तिमा केही गर्न सक्दैनन् ।

पावललाई परमेश्वरले बोलावट दिनुभएको दिनदेखि नै परमेश्वरले उनलाई अन्य जातिहरूको विचमा सुसमाचार सुनाउन आज्ञा दिनुभएको थियो । पावलले आफ्नो जीवन यसैको निम्ति अर्पण गरेका थिए । अहिले यहाँ पनि पावल भन्दछन् कि सबै अन्य जातिहरूले सुसमाचार सुन्न सकून् र पाऊन् भनेर प्रभुले साथ दिनुभयो । सम्पूर्ण रूपले वचनको घोषणा गर्न पावललाई शक्ति दिनुभयो । पावल भन्दछन् कि उनले सिंहको मुखबाट छुटकारा पाए । यो सिंहको मुखबाट भनेको अवश्यबाट नेरो राजाको महासङ्कष्ट र दुःखबाट छुटकारा पाएर घरमा नजरबन्दमा राखेको हुनुपर्छ । र केही समयका लागि भएपनि फेरि सुसमाचार सुनाउन परमेश्वरले उनलाई मौका दिएको हुनुपर्छ । परमेश्वरले दिनुभएको जिम्मेवार पूरा गर्न परमेश्वरले नै शक्ति पनि दिनुहुन्छ । परमेश्वरले आफ्नो उद्देश्य हामीमा र हामी पूरा गरेर छाड्नुहुन्छ ।

**पद १८:** पावललाई थाहा थियो कि उनको मृत्यु निश्चित छ, तर पावल हारको अनुभव होइन जितको अनुभव गर्दैछन् । मृत्यु उनको निम्ति शरीरको बन्धनबाट छुटकारा पाई सधैँको लागि परमेश्वरकहाँ बस्न पाउने कुरामा निश्चित थिए । पावललाई यो कुराको निश्चित थियो कि प्रभुले उनलाई सबै खराबीबाट जोगाउनु हुनेछ र उहाँको स्वर्गीय राज्यको निम्ति उनलाई उद्धार गर्नुहुनेछ । यहाँ पावल अनन्त जीवनमा पूर्ण विश्वास भएको कुराको निश्चयता गर्दछन् । मृत्युबाट पावल डराएको छैन । प्रभु येशू विश्वास गर्ने हरेकले यो कुरामा निश्चित हुन सक्छ कि मृत्युपछि उहाँको स्वर्गीय राज्यमा लानुहुन्छ । यो कुरा थाहा गरेर हामी सबै साहस लिन सक्छौँ र उहाँको निम्ति यो कुरा थाहा गरेर हामी सबै साहस लिन सक्छौँ र उहाँको निम्ति सेवामा आफ्नो जीवन समेत अर्पण गर्न सकिन्छ ।

पावल अन्तमा भन्दछन् कि “उहाँलाई सदासर्वदा महिमा होस्” आमेन् हामीहरूले पनि सधैँ भन्नुपर्ने र गर्नुपर्ने कुरा काम उहाँलाई हाम्रो जीवनबाट सदासर्वदा महिमा होस् । उहाँको नाउँ उचालिएको होस् । आमेन् र आमेन् ।

### ३. अन्तिम अभिवादन वा जयमसिह । (२ **तिमोथी** ४:१९–२२)
### Paul's final greetings. (2 Timothy 4:19-22)

**पद १९:** प्रिस्का अरू ठाउँमा प्रिस्किला भनेर चलाएको छ । प्रिस्किला र अक्विला एकदम प्रख्यात जोडी, जसले एफिससमा आपोलोसलाई पनि सिकाएका थिए (प्रेरित १८:२, १८,२६; रोमी १६:३; १ को १६:१९) पावलले सिकाएका विशेष यहाँ कोही कोही नाउँ उल्लेख गरेर जयमसिह, सलाम भनेका छन् । जस्तोः प्रिस्किला, अकिलास र विश्वासयोग्य ओनेसिफोरसलाई विशेष सम्झेर सलाम, ख्रीष्टमा शान्ति भनेका छन् । अरूहरूलाई पावलले सम्झेको कुरा बताएका छन्, जस्तैः इरास्तस कोरिन्थमै रहे तर त्रेफिमसलाई त पावलले मिलेतसमा बिरामी अवस्थामा छोडेथे । इरास्तस तिमोथीको पुरानो साथी थियो (प्रेरित १९:२२) । त्यस्तै त्रोफिमस पनि एफिससकै मानिस भएकोले पावलको र तिमोथीको नजिकको चिनाजानी र साथी हुनुपर्छ (प्रेरित २०:४; २१:२९) । उनीहरू पावलको सङ्गी सहयोगीहरू थिए । सुसमाचार कार्यमा साथ दिनुका साथै पावललाई उत्साह दिनेहरू थिए । पावलको जेलमा पनि भेट्न जाने ओनिसिमस थिए । इरास्तस पावलको भरोसा योग्य साथी थियो । पावल प्रभुको सेवामा व्यस्त थिए र यताउता धेरै यात्रा गर्नु हुन्थ्यो, तर पनि पावलले धेरै नजिकको साथीहरू

बनाएका थिए । त्यस्तै हामीहरू पनि सेवकाइको साथ साथै व्यक्तिसँग पनि नजिकको र गहिरो सम्बन्ध गाँस्नुपर्छ ।

**पद** २१ः पद ९ मा भनेको कुरा यहाँ पनि पावलले दोहऱ्याएर भनेका छन् कि हिउँदअघि नै आउने प्रयत्न गर । पावलले चाहेका थिए कि धेरै चिसो वा जाडो हुनुभन्दा अघि नै तिमोथी लुगाहरू लिएर रोम पुगोस्, तर उनी जहाजको समुद्री यात्रा, समुद्री बाटोको धेरै चिन्ता लिएको बुझिन्छ वा देखिन्छ । हिउँदमा जहाजी यात्रा गर्न सकिन्नथ्यो किनकी समुद्र र बन्दरगाहमा हिउँ जम्ने गर्छ र केही महिनाका लागि जहाज बन्द नै गर्छ ।

पावलको नजीकको ४ जना व्यक्तिहरूका नामहरू उल्लेख गरी उनीहरूको पनि सलाम-शान्ति तिमोथीलाई र पाठक वर्गलाई पठाएका छन् । उनीहरूको नामहरू यसप्रकार छन्ः पुबुलस, पुडेस, लिनस, कलौडिया । अरू भाइहरूको सलाम, जयमसिह पठाएका छन् । उनीहरूको विषयमा अरू विस्तृत जानकारी केही छैन । अरू कतिले त्यागेर गए पनि अरू कति त पावलसँगै रहेछन् भन्ने कुरा सलाम वा जयमसिह पठाएकोबाट बुझिन्छ ।

**पद** २२ः पावलले तिमोथीलाई अन्तिम आशीर्वाद दिन्छन् कि, "प्रभु तिम्रो आत्मासँग रहून् । तिमीलाई अनुग्रह मिलोस् ।" ग्रिक भाषामा पछिको तिमीलाई अनुग्रह मिलोस् भन्नेमा बहुवचनको तिमी चलाएको छ । त्यसकारण त्यो वाक्य "तिमीहरूलाई अनुग्रह मिलोस्" हुनुपर्ने रहेछ । किनकि धेरैजसो पावलको पत्र सबैले पनि पढ्ने गर्ने थिए । यो कुरा पावललाई थाहा थियो । र त्यसकारण तिमीहरू भनेर पावलले लेखेको हुनुपर्छ ।


पावल आफ्नो जीवनको अन्तमा आफ्नो जीवनको सेवकाइलाई फर्कि हेरी परमेश्वरलाई धन्यवाद दिँदैछन् । निर्धक्कसँग भन्दछन् कि उनी प्रभुको बोलावटमा विश्वासयोग्य बने । अब त्यो सुसमाचारको सेवकाइ तिमोथीलाई हस्तान्तरण गर्दैछन् (pasing torch to the next generation) । पावलले यो सुसमाचारको काम सुचारुरूपले होऊन् भनेर अगुवाहरू ठाउँ-ठाउँमा तयार गर्दै, जिम्मा दिँदै हिँडे । तिमोथी पावलको विश्वासयोग्य आत्मिकी छोरा र चेला हुन् । ख्रीष्ट येशूले र उहाँका चेलाहरूले जस्तै पावलले सुसमाचार सुनाउँदै, शिक्षा दिँदै, चेला बनाएकोले सुसमाचार सारा संसारभरि आज फैलिन सकेको छ । विश्वासीहरूले आज पनि संसारमा सुसमाचार सुनाउँदै हिँडेका छन् ।


तपाईंको चेला को छ ? तपाईंको सेवकाइ, काम लगातार रूपमा चलाई राख्नलाई तपाईंले कसलाई तालिम दिँदै हुनुहुन्छ ? के तपाईंले भविष्य सोच्नुभएको छ ? हामीले सकेसम्म गर्नु हाम्रो कर्तव्य हो । हामीले सुसमाचारलाई जीवित बनाइराख्न सकेको काम हामीले गर्नुपर्छ । त्यसका लागि हामी पावल जस्तै विश्वासयोग्य सेवकाइ गर्नुपर्छ, चेलापनको तालिका दिनुपर्छ । सुसमाचार, महान् आज्ञा र मिशनमा सधैँ जोड दिएर प्रचार गर्नुपर्छ वा शिक्षा दिनुपर्छ । मण्डली सदस्यहरूलाई चुनौति, उत्साह र प्रेरणा दिइरहनु पर्छ । तपाईंको सेवाकाइमा प्रभुले प्रशस्त आशिष् देऊन् ।


**निष्कर्ष (Conclusion)**


पावलको दुःख-कष्ट र निराश अवस्थामा परमेश्वरले सहायता गर्नुभयो । त्यस्तै हामीलाई पनि सहायता गर्नुहुन्छ । पावललाई धेरैले त्यागेर गए जस्तै हामीलाई पनि हाम्रो साथीहरूले त्यागेर जान सक्छ, तर परमेश्वर हामीसँग हुनुहुन्छ । प्रभुले पावललाई छुट्कारा दिनुभयो । हामीलाई पनि छुट्कारा दिनुहुन्छ ।


# रेभ. डा. मंगलमान महर्जनद्वारा लिखित





## आत्मिक उन्नतिका लागि यी पुस्तकहरू पढ्ने गरौं ।

## थोक तथा खुद्रा बिक्रीको लागि सम्पर्क

**क्वाइनोनिया समाज सेवा पुस्तक पसल**
फोन नं.: ९८४१-३७१९२३

**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल
फोन नं. ०१-५४३३८४२, ५४३३५६४, ई-मेल: patanchurch@gmail.com

**बाइबलीय प्रवचनबारे तपाईंहरूका**
**कुनै प्रतिक्रिया भए हामीलाई लेख्नुहोस् ।**

P.O. Box No. 2415, Kathmandu, Nepal | Tel.: +977-01-5433842, 01-5433564
E-mail: patanchurch@gmail.com

# BOOK POST

पाउने:
To:

क्वाइनोनिया
**KOINONIA**
पो.ब.नं. २४१५, काठमाडौं, नेपाल ।
P.O. Box No. 2415, Kathmandu, Nepal.